Jana Aakash
National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष- १८, अंक- ३८, २०८३ साल वैशाख ८ गते मंगलबार (April 21, 2026) www.janaakash.com.np

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित
www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

# प्रधानमन्त्रीको एक्शन

## तिव्र बिचौलियाहरु भागभाग



■ मोहन कार्की

**काठमाडौं–** नेपालमा नयाँ मन्त्रीमण्डल गठन भएको केही दिनमा नै प्रधानमन्त्रीको नेतृत्वमा एक्शनका कार्यक्रमहरु भईरहेका छन् । सरकारी निकायहरुमा ढिलासुस्ती, घुस बार्गेनिङ जस्ता कार्य गर्ने भ्रष्ट बिचौलियाहरुको सातो गएको छ । भने कतिपय ठाउँहरुमा जस्तै यातायात कार्यालय, मालपोत जस्ता ठाउँहरुमा बिचौलियालाई प्रहरीले नियन्त्रणमा लिएर कारवाही थालेपछि अन्य सरकारी निकायहरुमा चुस्त छिटो छरितो काम हुन थालेको छ ।

प्रधानमन्त्रीको यस्तो एक्शनवाट आम नागरिक भने खुशी भएका छन् । तर बिचौलियाहरु भने अफुले प्राप्त गर्दै आएको कमिशन नआउने भएपछि सत्तोसराप गर्दै प्रधानमन्त्री वालेनलाई सामजिक सञ्जालमा अनेक खालका फेक आइडी बनाएर कुप्रचार गर्न लागिरहेका छन् ।

नेपाल देशमा अनेक खालका ऐन कानूनी समस्याहरु जनताको हितमा छैनन् । तर कर्मचारीले यस्ता समस्या देखाएर काम अड्काउने दुखः हैरानी दिने काम हुदै आएको छ । जनताले सहजै प्राप्त गर्ने सेवा सुविधाहरुलाई झन्झटिलो, दुःख दिने हैरानी बनाउने काम विगतका कर्मचारी, राजनीतिक पार्टीवाट निर्वाचित भएका जनप्रतिनिधिहरुले सर्वसाधरणलाई आजित पार्दै आएका थिए । त्यसैले नेपाली जनताहरु निक्कै रिसाएका थिए ।

ति रिसाएका जनताले गएको फागुन २१ गते भएको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपालाई झण्डै दुईतिहाईको स्पष्ट बहुमत दिएर जिताएका छन् । अहिलेका प्रधानमन्त्री वालेनले जनताको मत जित्नेगरी काम गर्नुपर्ने एउटा चुनौती छ एकातिर भने » बाकी ६ पृष्ठमा

# गृहमन्त्री गुरुङको प्रश्न

## सेयरमा लगानी गर्न कहिलेदेखि अपराध भयो ?



**काठमाडौं–** गृहमन्त्री सुधन गुरुङले विवादित व्यवसायी दीपक भट्टसँग जोडिएर आएको विषयमा स्पष्टीकरण दिएका छन् । सोमबार सामाजिक सञ्जाल फेसबुकमार्फत उनले सम्पत्ति विवरण सार्वजनिक गर्दा नै आफूसँग भएको सेयर कारोबार बताउँदै गैरकानुनी काम आफूले नगरेको दाबी गरेका हुन् ।

'२५ लाखको सेयर लुकाइएको' भनिएको छ,' उनले भने,'वास्तविकता के हो भने सबै सेयर एउटै प्रकृतिका हुँदैनन् । मैले धितोपत्र बजारमा कारोबार हुने सेयरहरू भनेर २ करोडभन्दा बढी लगानी सम्पत्ति विवरणमै स्पष्ट उल्लेख गरेको छु, जुन जो कोहीले मन्त्रिपरिषद्को वेबसाइटमा हेर्न सक्नुहुन्छ । स्टार माइक्रो इन्स्योरेन्स र लिबर्टी माइक्रोमा भएको लगानी पनि यही समूहभित्र समेटिएको हो । यो लुकाउने होइन, वर्गीकरणको विषय हो,' उनले भनेका छन्, 'सीधा कुरा, लुकाउने मान्छेले खुला रूपमा २ करोडभन्दा बढी सम्पत्ति देखाउँदैन ।

'मन्त्री हुनुअघि सेयर किनियो' भनिएको छ । यो देशमा सेयरमा लगानी गर्नँ कहिलेदेखि अपराध भयो? सम्पूर्ण कारोबार बैंकिङ च्यानलमार्फत भएको छ ।'

उनले आफूले बैंकबाटै पैसाको कारोबार गरेको उल्लेख गर्दै यी विषय लुकाउनै नसक्ने पनि बताएका छन् । 'बैंकबाट गएको पैसाको सबै हिसाब हुन्छ । कहिले गयो, कहाँ गयो, कसलाई गयो सबै देखिन्छ । यस्तो हिसाब हुने पैसा कसरी लुकाउने ? कहाँ लुकाउने ?

अब स्रोतको कुरा, मैले लगानी गरेको रकम ऋण (कर्जा) मार्फत जुटाइएको हो, र त्यसको » बाकी ६ पृष्ठमा

# उपकुलपतिहरूलाई प्रधानमन्त्रीको निर्देशन– विद्यार्थी र कर्मचारीका संगठन हटाउनू



**काठमाडौं–** प्रधानमन्त्री बालेन्द्र शाहले विश्वविद्यालय र स्वास्थ्य शैक्षिक संस्थाहरूमा रहेका दलीय विद्यार्थी तथा कर्मचारी संगठनका संरचनाहरू तत्काल हटाउने निर्णय कुनै पनि हालतमा कार्यान्वयन गर्न उपकुलपतिहरूलाई निर्देशन दिएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सोमबार देशभरका विश्वविद्यालय र प्रतिष्ठानका उपकुलपतिहरूसँग भएको साढे ३ घण्टा लामो छलफलका क्रममा उनले यस्तो निर्देशन दिएका हुन् ।

प्रधानमन्त्री शाहले शैक्षिक संस्थाहरूमा कुनै पनि बहानामा राजनीति गर्न नहुने अडान लिँदै दलीय संगठनका संरचना हटाउन कुनै पनि ऐन बाधक नहुने स्पष्ट पारे ।

अस्पताल, क्याम्पस र विद्यालयजस्ता पवित्र ठाउँमा कुनै पनि दलको झण्डा, प्रभाव वा संगठन राख्न नदिइने बताउँदै राजनीति नै गर्ने भए पेसागत जिम्मेवारीबाट अलग भएर पूर्ण रूपमा राजनीतिमा लाग्न सुझाव दिए । » बाकी ६ पृष्ठमा

# प्रदेश खारेजीका लागि दुई तिहाई पुऱ्याउन सहयोग गर्छौं : ज्ञानेन्द्र शाही



**काठमाडौं–** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) संसदीय दलका नेता ज्ञानबहादुर शाहीले प्रदेश संरचना खारेज गर्नका लागि आफ्नो पार्टीले सरकारलाई सहयोग गर्ने बताएका छन् ।

सोमबार पार्टीद्वारा काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै उनले प्रदेश संरचना खारेज गर्नका लागि सरकारलाई दुई तिहाई मत चाहिए आफ्नो पार्टीले साथ दिने बताए ।

मुलुकमा हिन्दू राज्य स्थापना गर्न, राजासहितको प्रजातान्त्रिक शासन व्यवस्थाका लागि सरकार र सत्तारुढ राष्ट्रिय स्वतन्त्र » बाकी ६ पृष्ठमा

# दोब्बर बढ्यो आलु र प्याज आयात

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८२/८३ को ९ महिनामा नेपालमा आलु र प्याज आयात उच्च वृद्धि भएको छ ।

साउनदेखि चैतसम्म १२ अर्ब ८७ करोड ७६ लाख ४० हजार रुपैयाँ बराबरको ४ लाख ३४ हजार ३ सय ५८ टन आलु र प्याज आयात भएको छ ।

गत आव २०८१/८२ सोही अवधिमा ९ अर्ब १५ करोड ८० लाख ३६ हजार रुपैयाँ बराबर ३ लाख १२ हजार ९ सय ३ टन आलु र प्याज भित्रिएको थियो ।

गत वर्ष आलु र प्याज आयातबाट १ अर्ब ७४ करोड ९७ लाख » बाकी ६ पृष्ठमा

# गृहमन्त्रीबारे सरकारले धारणा स्पष्ट पार्न'पर्छ, स्टन्टले देश चल्दैन : राजेन्द्र लिङ्देन



**काठमाडौं–** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले गृहमन्त्री सुधन गुरुङको सम्पत्ति शुद्धीकरण मुद्दामा पक्राउ परेका व्यवसायी दीपक भट्टसँगको साझेदारीबारे तत्काल स्पष्ट गर्न सरकारसँग माग गरेका छन् ।

भट्ट सम्बद्ध स्टार माईक्रो इन्स्योरेन्स कम्पनीमा गृहमन्त्री गुरुङले आफ्नै नाममा शेयर लिएको काजजात सार्वजनिक भइरहेका बेला उनले सोबारे तत्काल स्पष्ट पार्न सरकार, सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्वसँग माग गरेका हुन् । » बाकी ६ पृष्ठमा

# खाडी तथा पश्चिम एसियाका १२ देशमा खुल्यो श्रम स्वीकृति



काठमाडौं- सरकारले खाडी तथा पश्चिम एसियाका १२ देशमा श्रम स्वीकृति खुला गरेको छ । इजरायल-अमेरिका र इरानबीचको युद्धका कारण २०८२ फागुन १७ गते ती देशमा श्रम स्वीकृति स्थगन गरेको थियो ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आज मन्त्रीस्तरीय निर्णय गर्दै साउदी, यूएई, कतार, कुवेत, बहराइन, ओमान, इराक, जोर्डन, लेबनान, यमन, टर्की र इजरायलको श्रम स्वीकृति खुला गरेको हो ।

इराकको हकमा भने २०८२ पुस ११ गते मन्त्रिपरिषद्बाट भएको निर्णय बमोजिम हुने मन्त्रालयले जनाएको छ । श्रम मन्त्रालयले ती देशहरूमा व्यक्तिगत, संस्थागत र वैधानिकीकरणसहितका काम पूर्ववत् अवस्थामा हुनेगरी खुला गरेको हो ।

परराष्ट्र मन्त्रालय अन्तर्गतको उच्चस्तरीय आपत्कालीन प्रतिकार्य कार्यदल » बाकी ६ पृष्ठमा

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ३८,
२०८३ साल वैशाख ८ गते मंगलबार
21 APRIL 2026, TUESDAY

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय

## सवैभन्दा पहिला सामाजिक एकता कायम गरौं ।

नेपाल देश नेपालीहरूको मुल थलो हो । यति पुरानो ईतिहाँस बोकेको नेपाल देशका नेपालीहरूले सधै सवै मिलेर सामाजिक सदभाव, धार्मिक सहिष्णुता समभाव राख्दै अहिले हामी नेपालीहरू निर्धक्क बाच्न सक्ने भएका छौ । राजनीतिक पार्टीहरूले वेला वेलामा उठाउने गरेको राजनीतिक कुराहरूले समाजमा बिग्रह ल्याउने जातिय दंगा भड्काउने जस्ता कार्यहरू गर्दै आएका छन् ।

त्यसमा अहिले पछिल्लो समय इन्टरनेटको सुविधालाई सदुपयोग गर्नुको साट्टो समाजमा अनेक खालका द्वयस फैलाउने, समाजलाई भड्काउने, पार्टी-पार्टी बीचको द्वान्द्व गराउने जाति जाति बीचको द्वान्द्व गराउने, व्यावसायिक रूपमा स्वस्थ्य रूपमा प्रतिस्पर्धाको मैत्रीपूर्ण भावना राख्नुको सट्टा विशेष गरेर ठूला ठेक्का पट्टाहरूमा आफुले पाए ठिक नपाए उग्र भएर सामाजिक सञ्जालमा पोष्ट्याउने जस्ता कार्यहरू समाजमा भईरहेका छन् । यस्ता कार्यहरूले राष्ट्रलाई बलियो बनाउने सक्दैन । समाजलाई असलतिर लान सक्दैन । विकास र उन्नतिमा अवरोध सृर्जना गर्छ । त्यसैले सवैभन्द पहिला नेपालीहरूले सामाजिक एकता कायम गर्नुपर्छ तवमात्र देशको विकास गर्न सकिन्छ ।

सामाजिक एकता कायम गरीसकेपछि हुने विकास सामाजिक एकता कायम भएको समाजमा मानवता भन्ने कुरा हुन्छ । मानवता भएको मानिसले जहिले पनि न्याय र अन्याय छुटुयाउन सक्ने भावना हुन्छ । मानवता भएको मानिसले कहिल्यै अन्याय गर्दैन कुनैपनि मानिसलाई अन्याय भएको महसुस गर्न नपरेपछि समाज आक्रोश, आवेग आउदैन । समाजमा शान्ति हुन्छ । शान्ति भएको समाजमा सत्य र असत्य छुट्याउने मापदण्ड तयार हुन्छ । मानिसहरू मध्य जसले योग्यताको आधारमा राम्रो काम गर्छ उसले प्रोत्साहित हुन पाउछ । गलत काम कसैले गरेमा उसलाई समाजले सर्वमान्य हुने ढंगवाट दण्ड सजाय आफैले स्वीकार्ने वातावरण हुन्छ । यस्तो सुरक्षित समाजमा लगानीकार्ताहरूले लगानी गर्छन् । उद्योगहरू खोलिन्छन् । राष्ट्रको अर्थतन्त्रमा बढोत्तरी हुन्छ । देशको अर्थतन्त्र बलियो भएपछि नागरिको सुविधाहरू थपिन्छन् । यसरी समग्र देश विकासको निर्माणमा सामाजिक एकता अनिवार्य छ ।

# जैविक विविधता संरक्षणमा युवाको जिम्मेवारी



■ नरेश बटाला

जैविक विविधताका दृष्टिले नेपाल एसियामा ११औं र विश्वमा ३१औं स्थानमा रहेको छ। यहाँ ११८ किसिमका पारिस्थितिक प्रणाली पाइन्छन् । यस तथ्यले नेपाल जैविक विविधतामा कति धनी छ भन्ने कुरा स्पष्ट पार्दछ । साथै, क्षेत्रफलका हिसाबले विश्वको केवल ०.१ प्रतिशत भूभाग ओगटेको नेपालमा विश्वका करिब ३.२ प्रतिशत वनस्पति प्रजाति, १.१ प्रतिशत स्तनधारी जीवजन्तु, ८.९ प्रतिशत चराचुरुङ्गी र ४ प्रतिशतभन्दा बढी उभयचर तथा सरिसृप पाइन्छन् । यी तथ्यले नेपाललाई विश्वकै प्रमुख जैविक विविधता सम्पन्न देशको रुपमा चिनाएको छ। नेपालको यस्तो समृद्ध जैविक विविधताको संरक्षण र संवर्द्धन गर्नु युवापुस्ताको प्रमुख दायित्व तथा जिम्मेवारी हुनु अपरिहार्य छ ।

कृषि जैविक विविधता नीति- २०६३ ले आकाशीय, स्थलीय, जलीय, सामुद्रिक र अन्य क्षेत्रमा रहेका जीवजन्तुहरूको पारिस्थितिक प्रणाली, त्यसको भागको रूपमा रहेको जीव र वनस्पतिको सम्बन्ध तथा विविधतालाई जैविक विविधता भनेको छ । यस्तै जैविक विविधता महासन्धि-१९९२ ले पृथ्वीको जल, स्थल र आकाशमा आफ्नो जीवनयापन गर्ने सम्पूर्ण जीवजन्तु, वनस्पति र मानवबीचको सहअस्तित्व तथा अन्तरसम्बन्धमा रहेको विविधतालाई जैविक विविधता भनेको छ ।

यसर्थ पृथ्वीमा रहेका सम्पूर्ण जीव-जनावर, वनस्पति, सूक्ष्मजीव, पारिस्थितिक प्रणाली तथा तिनीहरुबीचको अन्तरसम्बन्धको समग्र रूपलाई जैविक विविधता भन्न सकिन्छ । मानव अस्तित्व, खाद्य सुरक्षा, स्वच्छ हावा, पानी, औषधि, ऊर्जा र वातावरणीय सन्तुलन सबै जैविक विविधतासँग प्रत्यक्षरूपमा जोडिएका हुन्छन् । तर औद्योगिकीकरण, शहरीकरण, वन विनाश, अव्यवस्थित विकास, प्रदूषण र जलवायु परिवर्तनका कारण विश्वव्यापीरूपमा जैविक विविधता तीव्र गतिमा क्षय हुँदै गइरहेको छ । यस्तो संकटपूर्ण अवस्थामा जैविक विविधताको संरक्षण आजको आवश्यकता मात्र नभई मानव सभ्यताको भविष्य सुरक्षित गने प्रमुख आधार हो । जैविक विविधता संरक्षणमा परिवर्तनका संवाहक युवापुस्ताको भूमिका महत्वपूर्ण र आवश्यक छ ।

संयुक्त राष्ट्रसंघको वातावरण कार्यक्रमका अनुसार पृथ्वीमा रहेका करिब १० लाख प्रजाति निकट भविष्यमा लोप हुने जोखिममा छन् । अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघले सार्वजनिक गरेको रेड लिस्टअनुसार विश्वका करिब ४२ हजार भन्दा बढी प्रजाति संकटग्रस्त अवस्थामा छन् । यसले जैविक विविधता संरक्षणको चुनौती कति गम्भीर छ भन्ने कुरा स्पष्ट पारेको छ। नेपालजस्तो जैविक विविधताले भरिपूर्ण मुलुकमा यो चुनौती अझै संवेदनशील बन्दै गएको छ ।

नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार १६ देखि ४० वर्ष उमेर समूहका युवाको जनसंख्या ४२.५ प्रतिशत रहेको छ । यति ठूलो युवा जनशक्ति देशको सामाजिक, आर्थिक र वातावरणीय परिवर्तनका लागि सबैभन्दा सक्रिय र सक्षम शक्ति हो । समाज परिवर्तनका हरेक निर्णायक आन्दोलनमा युवाको अग्रसरता प्रमुख कारक बनेको प्रमाणित भैसकेको छ । यही ऊर्जा, उत्साह र नवीन सोच जैविक विविधता संरक्षणमा परिचालन गर्न सकिएमा उल्लेखनीय सफलता हासिल गर्न सकिने कुरामा दुईमत नहोला ।

अनुसन्धान, नवप्रवर्तन र प्रविधिको प्रयोगमा पनि युवाको भूमिका उल्लेखनीय छ। जैविक विविधताको संरक्षण केवल परम्परागत उपायबाट मात्र सम्भव छैन ।

> ठूलो सम्भावनाबीच चुनौतीका चाङ पनि कम छैनन् । बेरोजगारी, सीप अभाव, प्रविधिमा असमान पहुँच, नीति निर्माण प्रक्रियामा कमजोर सहभागिता र ग्रामीण क्षेत्रका युवाको अवसर सीमित हुनु प्रमुख समस्या हुन् । अन्तर्राष्ट्रिय श्रम संगठनका अनुसार विश्वभर युवा बेरोजगारी दर वयष्कको तुलनामा दोब्बर छ । नेपालमा पनि प्रत्येक वर्ष लाखौँ युवा रोजगारीको खोजीमा विदेशिन बाध्य बनीरहेका छन् ।

आधुनिक प्रविधि, वैज्ञानिक अनुसन्धान र नवप्रवर्तन आवश्यक छन्। ड्रोन प्रविधिबाट वन निगरानी, जीपीएसमार्फत वन्यजन्तुको चालढाल अध्ययन, डिजिटल डाटाबेस निर्माण, मोबाइल एप्समार्फत अवैध चोरी सिकारी नियन्त्रणजस्ता नवीन अभ्यासमा युवालाई अग्रसर गराउन सकिन्छ । विश्व बैंकका अनुसार वातावरणीय प्रविधि क्षेत्रमा युवाको संलग्नताले संरक्षण प्रयासलाई ३० प्रतिशतसम्म प्रभावकारी बनाएको छ ।

नेपाल जलवायु परिवर्तनको दृष्टिले उच्च जोखिममा रहेको देश हो । ग्लोबल क्लाइमेट रिस्क इन्डेक्सका अनुसार नेपाल जलवायु जोखिममा परेका शीर्ष १० देशमध्ये पर्छ। हिमनदी पग्लिनु, बाढी, पहिरो, डढेलो, अनियमित वर्षा र खडेरीजस्ता प्राकृतिक प्रकोपले जैविक विविधतालाई गम्भीर असर पुऱ्याइरहेका छन् । यस्तो अवस्थामा युवाले जलवायु अनुकूलन र न्यूनीकरणका उपायहरू अवलम्बन गर्दै जैविक विविधताको संरक्षणमा अग्रणी भूमिका खेल्न सक्छन् ।

यस्तै जैविक विविधता संरक्षणका लागि युवाले खेल्न सक्ने भूमिका बहुआयामिक छ । सचेतना अभिवृद्धिमा युवाको योगदान अत्यन्त प्रभावकारी हुन्छ। आधुनिक सूचना प्रविधि, सामाजिक सञ्जाल र डिजिटल माध्यमको प्रयोगमार्फत युवाले जैविक विविधताको महत्व, संरक्षणका उपाय र जोखिमबारे जनचेतना फैलाउन सक्छन् । युनेस्कोको तथ्याङ्कअनुसार विश्वभर ७० प्रतिशतभन्दा बढी युवा इन्टरनेट र सामाजिक सञ्जालमा सक्रिय छन् ।

यसले युवालाई सचेतना फैलाउने सशक्त माध्यम प्रदान गरेको छ । नेपालमा पनि पछिल्लो समय फेसबुक, टिकटक, युट्युब र ब्लगमार्फत वातावरण संरक्षण, वन संरक्षण, वन्यजन्तु संरक्षण र जलवायु परिवर्तनसम्बन्धी अभियानमा युवाको उल्लेखनीय सहभागिता देखिन थालेको छ । वृक्षरोपण, वन पुनर्स्थापना, नदी सफाइ, फोहोर व्यवस्थापन, प्लास्टिक प्रयोग न्यूनीकरण, सामुदायिक वन संरक्षण, जैविक खेती प्रवर्द्धनजस्ता कार्यमा युवाले सक्रिय भूमिका निर्वाह गरिरहेका छन् ।

वन तथा वातावरण मन्त्रालयका अनुसार पछिल्ला वर्षहरूमा सञ्चालन भएका वृक्षारोपण तथा वन संरक्षण अभियानमा सहभागी हुनेमध्ये ६० प्रतिशतभन्दा बढी युवा छन् । यसले जैविक विविधता संरक्षणमा युवाको भूमिका कति प्रभावकारी बन्दै गएको छ भन्ने स्पष्ट पारेको छ ।

अहिले नेपाल मात्र होइन, विश्वव्यापीरूपमै जैविक विविधता संरक्षणमा युवाको योगदान उल्लेखनीय बन्दै गएको छ । संयुक्त राष्ट्रसंघले सन् २०३० सम्म हासिल गर्ने लक्ष्य राखेका १७ दिगो विकास लक्ष्यहरूमध्ये लक्ष्य १४ (समुद्री जीवन संरक्षण) र लक्ष्य १५ (स्थलजीव संरक्षण) प्रत्यक्षरूपमा जैविक विविधतासँग अन्तर सम्बन्धित छन् । यी लक्ष्यहरूको कार्यान्वयनमा युवा सहभागितालाई केन्द्रीय भूमिका दिइएको छ । संयुक्त राष्ट्रसंघको 'युथ फर नेचर' अभियानअन्तर्गत विश्वभर लाखौं युवा जैविक विविधता संरक्षणका कार्यक्रममा संलग्न छन् ।

नेपालमा पनि विभिन्न गैरसरकारी संस्था, सामुदायिक समूह, युवा क्लब र शैक्षिक संस्थामार्फत जैविक विविधता संरक्षण अभियान सञ्चालन भइरहेका छन् । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका अनुसार पछिल्ला वर्षहरूमा वन्यजन्तु संरक्षणसम्बन्धी स्वयंसेवी अभियानमा युवाको सहभागिता ४० प्रतिशतले वृद्धि भएको देखाएको छ। यस्तै चितवन राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज, सगरमाथा तथा लाङटाङ क्षेत्र संरक्षण क्षेत्रमा युवाले संरक्षण, अनुसन्धान र पर्यटन व्यवस्थापनमा महत्वपूर्ण योगदान पुऱ्याइरहेका छन् ।

यति ठूलो सम्भावनाबीच चुनौतीका चाङ पनि कम छैनन् । बेरोजगारी, सीप अभाव, प्रविधिमा असमान पहुँच, नीति निर्माण प्रक्रियामा कमजोर सहभागिता र ग्रामीण क्षेत्रका युवाको अवसर सीमित हुनु प्रमुख समस्या हुन् । अन्तर्राष्ट्रिय श्रम संगठनका अनुसार विश्वभर युवा बेरोजगारी दर वयष्कको तुलनामा दोब्बर छ । नेपालमा पनि प्रत्येक वर्ष लाखौँ युवा रोजगारीको खोजीमा विदेशिन बाध्य बनीरहेका छन् ।

जसले जैविक विविधता संरक्षणमा आवश्यक जनशक्ति अभाव सिर्जना भएको महसुस हुन थालेको छ। यस्ता तमाम चुनौतीको समाधानका लागि राज्य, निजी क्षेत्र, शैक्षिक संस्था र नागरिक समाजबीच आवश्यक समन्वय हुनु जरुरी छ । जैविक विविधता संरक्षणसम्बन्धी शिक्षा पाठ्यक्रममा समावेश गर्नु, अनुसन्धान र नवप्रवर्तनमा लगानी बढाउनु, हरित उद्यमशीलतालाई प्रोत्साहन गर्नु, युवा-मैत्री नीति निर्माण गर्नु र नेतृत्व विकास कार्यक्रम सञ्चालन गर्नु अति आवश्यक छ । साथै युवालाई केवल कार्यक्रमका सहभागी होइन, नीति निर्माण र निर्णय प्रक्रियामा प्रमुख साझेदारका रूपमा सँगसँगै अगाडि लैजानु अपरिहार्य बन्दै गएको छ ।जैविक विविधता संरक्षण केवल वातावरणीय मुद्दा मात्र नभई मानव अस्तित्व, सामाजिक न्याय र आर्थिक दिगोपनसँग प्रत्यक्ष गाँसिएको साझा जिम्मेवारी हो । यस अभियानको सफलताका लागि युवा पुस्ताको ऊर्जा, सिर्जनशीलता र परिपक्व नेतृत्व अपरिहार्य छ । सचेत, जिम्मेवार र प्रतिबद्ध युवा पुस्ताले नै जैविक विविधताले भरिपूर्ण, सुन्दर र सुरक्षित नेपाल निर्माणलाई सम्भव बनाउन सक्छन् । आज युवाले लिएको सानो कदमले भोलिका पुस्ताका लागि ठूलो आशा र सम्भावनाको ढोका खोल्न सक्छ । त्यसैले जैविक विविधता संरक्षणमा युवाको निर्णायक तथा नेतृत्वदायी भूमिका विकल्प मात्र होइन, आजको अनिवार्य आवश्यकता समेत हो ।

# डा. कृष्णहरि बुढाथोकी अर्थ समितिको सभापतिमा चयन



**काठमाडौं–** प्रतिनिधिसभा सदस्य निर्वाचनमा रामेछापबाट निर्वाचित डाक्टर कृष्णहरि बुढाथोकी संसदको अर्थ समितिको सभापति बन्दै हुनुहुन्छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को संसदीय दलको बैठकले सांसद बुढाथोकीलाई अर्थ समितिको सभापतिको उम्मेदवार बनाउने निर्णय गरेको छ।

रास्वपाले विषय विज्ञताका आधारमा बुढाथोकीलाई सभापतिको उम्मेदवार बनाउने निर्णय गरेको हो ।यो निर्णयसँगै रास्वपाको करिब दुई तिहाई बहुमत रहेको प्रतिनिधिसभाको अर्थ समितिको सभापतिमा बुढाथोकी चयन हुनुभएको छ।

सांसद बुढाथोकी देशकै सर्वैभन्दा बढी मतदाता रहेको रामेछाप जिल्लाबाट २४ हजार ८०८ मतका साथ विजयी हुनुभएको थियो । रामेछापको मन्थली नगरपालिका-१२ गेलुमा जन्मिनुभएका सांसद बुढाथोकीले ६ वटा विषयमा मास्टर डिग्री हासिल गर्नुका साथै अर्थशास्त्रमा विद्यावारिधि (पिएचडी) गर्नुभएको छ।

बुढाथोकीसँग बैंक तथा वित्तीय क्षेत्रमा २० वर्षभन्दा बढीको कार्य अनुभव छ । वित्तीय क्षेत्रका समस्या पहिचान तथा समाधानका लागि उनीसँग अनुसन्धानमूलक कार्यमा समेत काम गरेको अनुभव छ।

संघीय संसद् अन्तर्गत १६ वटा संसदीय समिति रहेका छन्। प्रतिनिधिसभा अन्तर्गत १० वटा समिति रहेकोमा लेखा र अर्थ समिति महत्वपूर्ण मानिन्छ।

## रामेछाप डायरी

# रामेछापको टुँडिखेलमा भव्यताका साथ सकियो भूतपूर्व सैनिक सम्मेलन



**रामेछाप–** नेपाली सेनाको मध्यपूर्वी पृतना अन्तर्गतका हिमाली र पहाडी जिल्लामा बसोबास गर्ने भूतपूर्व सैनिक तथा एकल महिलाहरूको सहभागितामा 'भूतपूर्व सैनिक सम्मेलन-२०८२' को अन्तिम चरण रामेछापमा सम्पन्न भएको छ।

'सैनिक पुनर्मिलन, हिताधिकारीको कल्याण र कोषको दिगोपन' भन्ने मूल नाराका साथ आयोजित उक्त सम्मेलनको मुख्य केन्द्र रामेछापको खड्गदल गणमा बलाधिकृत रथी प्रदिपजंग केसीले नेतृत्व गर्नुभएको थियो। सम्मेलनमा यो क्षेत्रका करिब ६ हजार ५०० अवकाश प्राप्त सैनिक र उनीहरूका परिवारको उपस्थिति थियो।

सम्मेलनका अवसरमा १०२ वर्षीया एकल महिला नरमाया कार्कीलाई 'ज्येष्ठ शताब्दी महिला' का रूपमा विशेष अभिनन्दन गरिएको छ। यस्तै, आफ्ना चार सन्तानलाई नेपाली सेनामा सेवा गर्न प्रेरित गर्ने चार जना अभिभावक, ज्येष्ठ भूतपूर्व सैनिक र उत्कृष्ट उद्यमीहरूलाई पनि प्रशंसा-पत्र र पुरस्कार वितरण गरिएको छ। फरक क्षमता भएका २४ जना भूतपूर्व सैनिकहरूलाई ह्विलचेयर र बैसाखी समेत प्रदान गरिएको छ।

नेपाली सेनाले यस प्रकारको कार्यक्रमले सेवारत र अवकाश प्राप्त सैनिकहरूबिचको सम्बन्ध प्रगाढ बनाउने विश्वास लिएको छ। सम्मेलनमार्फत सङ्कलित सुझावहरूले कल्याणकारी कोषको सेवालाई शिक्षा, स्वास्थ्य र स्वरोजगारका क्षेत्रमा थप प्रभावकारी बनाउन मद्दत पुग्ने सेनाले जनाएको छ। यससँगै आर्थिक वर्ष २०८२/०८३ का लागि तय गरिएका भूतपूर्व सैनिक सम्मेलनका शृङ्खलाहरू औपचारिक रूपमा सम्पन्न भएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले शनिबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

# बालेनको १२ वर्ष पुरानो गीत युट्युबबाट हटाउन माग गर्दै उजुरी

**काठमाडौं–** प्रधानमन्त्री समेत रहेका हिपहप गायक बालेनको १२ वर्ष पुरानो एक गीतलाई युट्युबबाट हटाउन माग गर्दै प्रहरीको साइबर ब्यूरोमा शुक्रबार उजुरी परेको छ।

हिपहप ब्याटल 'रअ बार्ज' मा बालेनले उक्त गीत गाएका थिए। गीतलाई सङ्स नेपाल लगायतका युट्युब च्यानलले अपलोड गरेका थिए। सो गीत महिला विरोधी तथा यौनिक, लैंगिक अल्पसंख्यक समुदायविरुद्ध घृणा जगाउने खालको भएकाले युट्युबबाट हटाउन माग गर्दै उजुरी परेको साइबर ब्यूरोले जनाएको छ।

विवेक मगर, रोजी पुन, महिन्द्रसिंह दनुवार र पवन राई (बाबु) ले संयुक्त रूपमा दायर गरेको उजुरीमा 'सङ्स नेपाल युट्युब च्यानल'बाट उक्त गीत हटाउन माग गरिएको छ।

२० मिनेट १४ सेकेन्ड लामो भिडिओको लिङ्कसहितको विवरण समेत उल्लेख गरिएको उजुरीमा भनिएको छ, 'भिडिओमा बालेन्द्र शाह (बालेन) प्रयोग गरिएका शब्दहरू महिला विरोधी तथा अपमानजनक साथै यौनिक तथा अल्पसङ्ख्यक समुदाय विरुद्ध घृणात्मक अभिव्यक्ति समावेश गरिएको छ।'

आवश्यक अनुसन्धान गरि कार्वाहीको माग गर्दै उजुरी दिइएको छ। १२ वर्षअघि यमबुद्ध लगायतका हिपहप कलाकारले नेपालमा प्रवर्धन गर्न 'रअ बार्ज' कार्यक्रम आयोजना गरेका थिए।

उक्त कार्यक्रममा बालेनले र्‍याप गायन गरेका थिए। तर, राष्ट्रिय राजनीतिमा बालेनको उदय भएपछि त्यतिबेलाका भिडियो अहिले आएर भाइरल बनेको देखिन्छ।

# हेटौंडा उपमहानगरमा घरैमा राहदानी पुऱ्याउँदै हुलाक

**हेटौंडा–** जिल्ला प्रशासन कार्यालय मकवानपुरले जिल्ला हुलाक कार्यालयसँगको समन्वयमा सेवाग्राहीको घरसम्म पुगेर राहदानी (पासपोर्ट) वितरण थालेको छ।

तर, यो सेवा हेटौंडा बजार क्षेत्रमा मात्रै सीमित छ। हेटौंडा उपमहानगरपालिकाको १९ वटा वडाभित्र सेवाग्राहीको घरमै पुगेर राहदानी वितरण कार्य थालिएको जिल्ला हुलाक कार्यालयका प्रमुख रमेश लामिछानेले जानकारी दिए। उनका अनुसार २ वैशाखदेखि ४ गते शुक्रबारसम्म कार्यालयले ७६ वटा पासपोर्ट वितरण गरिसकेको छ।

'सेवाग्राहीले कार्यालयमै आएर पासपोर्ट लिनु पनि भएको छ। हामीले घरमै पनि पुऱ्याएका छौं', लामिछानेले भने। हेटौंडा-१६ हटिया र २ नम्बर वडाको बजार क्षेत्रमा रहेका दुई वटा हुलाक काउन्टरबाट ६ जना जनशक्तिले राहदानी वितरणको काम भइरहेको हो।

जिल्ला हुलाक कार्यालयमा ४ जना र काउन्टरका दुई जना पत्र वितरण कार्यमा खटिएको प्रमुख लामिछानेले बताए। हुलाक कार्यालयले पहिलो चरणमा ५० वटा राहदानी हेटौंडाका विभिन्न वडा (२, ४, ५, ६, १२, १३, १६ र १७) का सेवाग्राहीको घरमा राहदानी पुऱ्याएको छ।

मकवानपुरका अन्य ९ वटा स्थानीय तहमा भने हुलाकले सेवा सुरु गर्न नसकेको प्रमुख लामिछाने बताउँछन्। उपमहानगर क्षेत्रमा सेवा सहज भए पनि ग्रामीण भेगमा भने भौगोलिक विकटता र सवारी साधनको अभाव मुख्य चुनौतीका रूपमा देखिएको छ।



थाहा नगरपालिका, बागमती, बकैया, मनहरी, राक्सिराङ, कैलाश, इन्द्रसरोबर, भीमफेदी र मकवानपुरगढी गाउँपालिकामा पालिका स्तरको हुलाक कार्यालय पनि छ। यहाँ एक खरिदार स्तरका कर्मचारी, हुलाकी र हल्कारा गरेर ४ जनाको जनशक्ति रहेको प्रमुख लामिछानेले बताए।

'हामीसँग साधन पनि छैन। जनशक्ति पनि थोरै भएकाले विकट क्षेत्रको घरसम्मै पुग्न कठिन हुन्छ। जनशक्ति र स्रोतसाधनको व्यवस्थापन भएपछि गाउँसम्म सेवा विस्तार गर्न सक्षम हुनेछौं', उनले भने।

हुलाकले नागरिकता र लाइसेन्सको वितरण कार्य पनि सुचारु गरेको छैन। मकवानपुरका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीका अनुसार, आगामी दिनमा यो सेवालाई अझ व्यापक बनाइनेछ।

'अहिले राहदानीबाट सुरु गरेका छौं, अब छिट्टै नागरिकता, राष्ट्रिय परिचयपत्र र सवारी चालक अनुमति पत्र (लाइसेन्स) समेत हुलाकमार्फत घरमै पुऱ्याउने हाम्रो तयारी छ,' प्रजिअ अधिकारीले भने। हाल प्रशासनमा थन्किएर रहेका करिब ५०० राहदानीलाई पहिलो प्राथमिकतामा राखेर घरघरमा पठाइने उनले जानकारी दिए।

# रेडक्रसको नेतृत्व चयनका लागि तोकियो निर्वाचन मिति

**काठमाडौं–** नेपाल रेडक्रस सोसाइटीले नयाँ नेतृत्व चयन गर्नका लागि निर्वाचनको मिति तोकेको छ। विनोदकुमार शर्माको नेतृत्वमा रहेको तदर्थ समितिले असार २४ र २५ गते निर्वाचनको मिति तय गरेको हो।

रेडक्रसले वैशाख २६ गतेदेखि जेठ ४ गतेसम्म सबै पालिका शाखा, जेठ १५ गते जिल्ला शाखा, असार २ गते सातै प्रदेश समितिको निर्वाचनको कार्यतालिका बनाएको छ। आगामी निर्वाचनमा युवा तथा महिलाको नेतृत्वदायी भूमिका सुनिश्चित गर्न विशेष प्राथमिकता दिएको रेडक्रसले जनाएको छ। महिला र १८ वैशाख ३० वर्ष उमेर समूहका युवाहरूका लागि उम्मेदवारी मनोनयन दर्ता निःशुल्क गरिएको रेडक्रसको निर्वाचन आयोगले जानकारी गराएको छ।

परोपकारी संस्था नेपाल रेडक्रस सोसाइटीको अध्यक्षका लागि प्रतिस्पर्धा गर्ने उम्मेदवारलाई ५१ हजार रुपैयाँ तोकिएको छ। केन्द्रीय पदाधिकारीमा प्रतिस्पर्धा गर्नका लागि ३५ हजार रुपैयाँ तोकिएको छ भने केन्द्रीय सदस्यका लागि १० हजार रुपैयाँ निर्धारण गरिएको छ। संस्थाको निर्वाचन नियमावली संशोधन गरेर उम्मेदवार शुल्क बढाइएको हो। शर्मा नेतृत्वमा रहेको तदर्थ समितिले विधान र निर्वाचन नियमावली संशोधन गरेको हो। संशोधित विधानअनुसार पाँच तहमा संस्थाको संरचना हुनेछ।

केन्द्र, प्रदेश, जिल्ला, पालिका र उपशाखा हुने गरी संरचना हुने व्यवस्था गरिएको छ। केन्द्रीय समिति १९ सदस्यीय हुनेछ। १९ जनाको केन्द्रीय समितिमा पाँच जना पदाधिकारी हुने व्यवस्था



गरिएको छ। केन्द्रीय समिति यसअघि ३३ सदस्यीय हुने व्यवस्था थियो।

प्रदेश सभापतिमा प्रतिस्पर्धा गर्ने उम्मेदवारका लागि २५ हजार, अन्य पदाधिकारीलाई २० हजार, प्रदेश समिति सदस्यको उम्मेदवारलाई ७ हजार तोकिएको छ।

साथै जिल्ला सभापतिको उम्मेदवार हुनका लागि १५ हजार, अन्य पदाधिकारीलाई १० हजार र जिल्ला समिति सदस्यलाई ५ हजार रुपैयाँ तोकिएको छ। पालिका शाखाका निर्वाचित हुनका लागि उम्मेदवार बन्नेले सभापतिका लागि ५ हजार, अन्य पदाधिकारीलाई ४ हजार र सदस्यलाई ३ हजार तोकिएको छ।

२०७७ सालदेखि रेडक्रस सोसाइटी तदर्थ समितिमा सञ्चालित छ। त्यस यता, चारवटा तदर्थ समिति बने पनि निर्वाचन गरेर नयाँ नेतृत्व ल्याउन सकेका थिएनन्। शर्माको नेतृत्वको समितिलाई नयाँ नेतृत्वको लागि निर्वाचन गर्ने र विधान बनाउने कार्यादेश दिइएको थियो। तीन महिनाभित्र विधान बनाउने र निर्वाचन गर्ने कार्यादेश पुरा नगरेको वर्तमान तदर्थ समितिको अवधि असारसम्म पुऱ्याइएको छ।

# भद्रपुरस्थित भूमिसुधार तथा मालपोतमा टोकन प्रणाली

**काठमाडौं–** भद्रपुरस्थित भूमिसुधार तथा मालपोत कार्यालयले सेवा प्रवाहलाई व्यवस्थित, छरितो र पारदर्शी बनाउन टोकन प्रणाली लागू गरेको छ।

कार्यालयले अनधिकृत व्यक्तिको प्रवेशमा कडाइ गर्दै सेवाग्राहीमैत्री सेवा सुदृढ गर्ने उद्देश्यले आजदेखि उक्त प्रणाली कार्यान्वयनमा ल्याएको हो।

कार्यालयका सूचना अधिकारी मोहनसिंह दर्जीका अनुसार सेवाग्राहीले भोरदै आएको भीडभाड तथा लामो समयसम्म पर्खिनुपर्ने समस्यालाई कम गर्न टोकन प्रणाली लागू गरिएको हो। जनशक्ति, क्षमता र संरचनालाई ध्यानमा राखी दैनिक सेवा व्यवस्थापन गरिने उहाँले बताए। उनका अनुसार ६ मोठ फाँटबाट प्रत्येकमा २५ टोकन वितरण गरिनेछ। यसअनुसार दैनिक




करिब १५० लिखत पारित तथा निर्णयसम्बन्धी कार्य टोकन प्रणालीमार्फत सञ्चालन हुनेछन्।

सूचना अधिकारी दर्जीका अनुसार टोकन बिहान ९ बजे दर्ता-चलानी शाखा र नागरिक सहायता कक्षबाट वितरण गरिनेछ। सेवा लिन आउने सेवाग्राहीले आवश्यक कागजातसहित स्वयं उपस्थित हुनुपर्ने व्यवस्था गरिएको छ। सेवा प्रवाहको क्षमता र विस्तारसँगै आगामी दिनमा टोकन सङ्ख्या बढाउने योजना रहेको उनले बताए।

टोकन प्रणालीमार्फत लिखत पारित, संशोधन, नामसारी, दाखिला खारेज, प्रतिलिपि, रोक्का तथा अद्यावधिकसम्बन्धी सेवा प्रदान गरिनेछ। फुकुवा, वर्गीकरण, श्रेस्ता उतार, हालसाबिक तथा भूमिसुधार फाँटसम्बन्धीकार्यका लागि भने टोकन आवश्यक नपर्ने सूचना अधिकारी दर्जीले बताए।

यसैबीच कार्यालय परिसरमा अनधिकृत व्यक्तिको प्रवेशमा कडाइ गरिएको छ। सेवाग्राहीले अब परिचय खुल्ने कागजात देखाएर मात्र कार्यालय प्रवेश पाउने व्यवस्था गरिएको सूचना अधिकारी दर्जीले बताए।

सेवाग्राहीको काम सहजीकरणका लागि आवश्यक परेमा मात्र भू-सेवा सञ्चालक, कानुन व्यवसायी तथा लेखापढी व्यवसायीलाई प्रवेश अनुमति दिइने छ। यस्ता व्यक्तिले कार्यकक्षभित्र अनियमित गतिविधि दोहोऱ्याए थप कडाइ गरिने कार्यालयले जनाएको छ।

जन आकाश
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ३८,
२०८३ साल वैशाख ८ गते मंगलबार
21 APRIL 2026, TUESDAY

# खल्ती बाइ आइएमईमार्फत अब नेपाली फ्रिल्यान्सरले अन्तर्राष्ट्रिय भुक्तानी सिधै वालेटमा पाउने

**काठमाडौं–** खल्ती बाइ आइएमईले आइएमइ लि. र स्ट्राइपसँग साझेदारी गर्दै नेपाली फ्रिल्यान्सर तथा डिजिटल सेवा प्रदायकले विदेशबाट प्राप्त हुने भुक्तानी अब सिधै मोबाइल वालेटमा लिन सक्ने व्यवस्था सुरु गरेको छ ।

कम्पनीका अनुसार यस सहकार्यले विदेशबाट आउने भुक्तानी प्रक्रियालाई सहज, सुरक्षित र छिटो बनाउनेछ । प्रयोगकर्ताले खल्ती एपमार्फत 'भुक्तानी अनुरोध' पठाउन सक्नेछन् भने अन्तर्राष्ट्रिय कम्पनी वा भुक्तानी सेवा प्रदायकले स्ट्राइप गेटवे प्रयोग गरी विभिन्न डिजिटल माध्यमबाट रकम पठाउन सक्नेछन् ।

एसीएच, सेपा, भिसा, मास्टरकार्ड, एप्पल पे, गुगल पे तथा ई-बैंकिङमार्फत गरिएको भुक्तानी सिधै प्रयोगकर्ताको खल्ती वालेटमा तुरुन्तै जम्मा हुने व्यवस्था गरिएको कम्पनीले जनाएको छ । यसले अन्तर्राष्ट्रिय भुक्तानीका लागि लामो समय कुर्नुपर्ने समस्या हटाउने अपेक्षा गरिएको छ ।

कम्पनीका अनुसार स्ट्राइपसँगको साझेदारीबाट विकसित भुक्तानी संरचनाले नियामक मापदण्डअनुसार सुरक्षित र भरपर्दो अन्तरदेशीय कारोबार सुनिश्चित गर्नेछ ।

आइएमई खल्ती लि. का प्रमुख कार्यकारी अधिकृत प्रविन रेग्मीले नेपाली उद्यमी, फ्रिल्यान्सर र डिजिटल प्रतिभाका लागि विश्वव्यापी रूपमा आम्दानी गर्ने र तत्काल भुक्तानी प्राप्त गर्ने अवसर खुलेको बताउनुभयो । उहाँका अनुसार यो पहल नेपालको वित्तीय प्रविधि क्षेत्रमा महत्वपूर्ण उपलब्धि हो ।

# महालक्ष्मी विकासद्वारा अन्तरदेशीय भुक्तानी सेवा सुरु




**काठमाडौं–** महालक्ष्मी विकास बैंकले युनियनपे इन्टरनेशनलसँग सँगको सहकार्यमा अन्तरदेशीय क्यूआर भुक्तानी सेवा सुरु गरेको छ ।

बैंकले फोनपे क्यूआर मर्चेन्ट नेटवर्कमार्फत युनियनपे वालेट प्रयोगकर्ताबाट नेपालभित्रै क्यूआर कोड प्रयोग गरी भुक्तानी स्वीकार गर्ने सुविधा सञ्चालनमा ल्याएको जनाएको छ । यस सेवाले ग्राहकलाई सुरक्षित, सहज तथा आधुनिक बैंकिङ अनुभव प्रदान गर्ने विश्वास बैंकले लिएको छ ।

फोनपे मार्फत लागू गरिएको यस सेवाबाट यूनियनपे डिजिटल वालेट प्रयोगकर्ताले नेपालभर रहेका महालक्ष्मी विकास बैंकका क्यूआर मर्चेन्टमा सजिलै क्यूआर स्क्यान गरेर भुक्तानी गर्न सक्नेछन् । विशेषगरी चीनलगायत विभिन्न देशबाट नेपाल भ्रमणमा आउने पर्यटकलाई यस सुविधाले नगद बोक्नुपर्ने झन्झट कम गर्ने अपेक्षा गरिएको छ ।

सन् २००२ मा स्थापना भएको यूनियनपे विश्वका प्रमुख भुक्तानी सेवा प्रदायकमध्ये एक हो । कम्पनीका अनुसार यसको ९.६ अर्बभन्दा बढी कार्ड जारी भएका छन् भने १८० भन्दा बढी देश तथा क्षेत्रमा सेवा विस्तार भएको छ ।

बैंकले यस सेवाले नेपालमा विद्यमान क्यूआर भुक्तानी पूर्वाधारलाई थप प्रभावकारी बनाउने विश्वास व्यक्त गरेको छ । साथै, डिजिटल बैंकिङलाई सुरक्षित, प्रभावकारी तथा समावेशी बनाउन आफू प्रतिबद्ध रहेको जनाएको छ ।

यसैबीच,महालक्ष्मी विकास बैंकले वर्ष २०८३ लाई डिजिटल प्रवर्द्धन वर्षका रूपमा मनाउने योजना अनुरूप "महालक्ष्मी स्मार्ट साथी" मोबाइल एपमार्फत विशेष योजना सार्वजनिक गरेको छ। बैंकका सक्रिय मोबाइल बैंकिङ प्रयोगकर्ताले वैशाख महिनाको पहिलो साताभित्र कम्तीमा एक सफल कारोबार गरेमा गोलाप्रथाबाट तीन जनाले आकर्षक भ्रमण प्याकेज जित्न सक्ने व्यवस्था गरिएको छ ।

हाल बैंकका देशभर १०३ शाखा कार्यालय सञ्चालनमा रहेका छन् भने करिब ८ लाख ५० हजारभन्दा बढी ग्राहक रहेका छन् ।

## सामसंग नेपालद्वारा "सपनादेखि सम्भावनासम्म" अभियान सार्वजनिक




**काठमाडौं–** सामसंग नेपालले वैदेशिक रोजगारीमा रहेका नेपालीहरूको योगदानलाई सम्मान गर्ने उद्देश्यसहित "सपनादेखि सम्भावनासम्म" नामक नयाँ अभियान सार्वजनिक गरेको छ ।

यस अभियानले विदेशमा काम गरिरहेका नेपालीहरूले परिवार तथा देशका लागि पुऱ्याएको योगदानलाई उजागर गर्दै उनीहरूको भूमिकालाई सम्मान गर्ने लक्ष्य राखेको छ । कम्पनीले आफ्नो इनोभेसनमार्फत जीवन जोड्ने अवधारणालाई थप सशक्त बनाउने जनाएको छ ।

अभियानअन्तर्गत "सामसंग रेमिटमा बेनिफिट" नामक विशेष पहल पनि सार्वजनिक गरिएको छ, जसले रेमिटेन्समा निर्भर परिवारलाई थप सहजता र सुविधा प्रदान गर्ने उद्देश्य राखेको छ। यो अफर अप्रिल २४ देखि लागू हुनेछ।

रेमिटेन्सलाई नेपालको अर्थतन्त्रको प्रमुख आधारका रूपमा उल्लेख गर्दै कम्पनीले वैदेशिक रोजगारीमा रहेका नेपालीलाई राष्ट्र निर्माणका मुख्य आधारका रूपमा सम्मान गरेको छ । साथै, सामसंग नेपालका एआई-सक्षम उपकरणहरूले परिवारको दैनिक जीवनलाई स्मार्ट, कनेक्टेड र सहज बनाउने बताइएको छ ।

यस पहलअन्तर्गत कम्पनीले आईएमई रेमिट, एनसेल, खल्ती बाइ आईएमई र हुलास फिन सर्भ लिमिटेडसँग सहकार्य गर्दै सामसंग उत्पादन खरिदमा विशेष सुविधा उपलब्ध गराएको छ ।

यसअन्तर्गत एनसेल रिचार्जमा बोनस डाटा, २४ महिनासम्मको सहज किस्ता (ईएमआई), तथा खल्तीमार्फत क्यासब्याक सुविधा जस्ता लाभ समावेश छन्। यो अफर विदेशबाट नेपालमा रेमिटेन्स पठाउने व्यक्तिहरूका लागि मात्र उपलब्ध हुने कम्पनीले जनाएको छ।

कम्पनीका अनुसार यस अभियानले दीर्घकालीन विश्वसनीयता, वारेन्टी सेवा तथा सहज इकोसिस्टम अनुभवका लागि आधिकारिक उत्पादन छनोट गर्नुपर्ने महत्त्वलाई पनि जोड दिएको छ ।

# एमएडब्लू हायर पर्चेजको वित्तीय अवस्थामा सुधार, क्रेडिट रेटिङ उक्लियो

**काठमाडौं–** आईसीआरए नेपाल लिमिटेडले एमएडब्लू हायर पर्चेज प्राइभेट लिमिटेडको वित्तीय प्रदर्शन र सम्पत्ति गुणस्तरमा सुधार देखिएको भन्दै कम्पनीको क्रेडिट रेटिङ स्तरोन्नति गरेको छ ।

म्पनीको दीर्घकालीन कर्जा रेटिङ 'एलबीबी प्लस' बाट बढाएर 'एलबीबीबी माइनस' कायम गरिएको छ भने अल्पकालीन रेटिङ 'ए४ प्लस' बाट सुधार गरी 'ए३' मा पुऱ्याइएको छ ।

रेटिङ स्तरोन्नतिले कम्पनीको समग्र वित्तीय अवस्था र कर्जा व्यवस्थापन क्षमतामा सुधार आएको संकेत गरेको छ। विशेषगरी मोबाइल फोन वित्तीय सेवामा कम्पनीले अपनाएको प्रविधिमैत्री नियन्त्रण प्रणाली र प्रभावकारी रकम असुली व्यवस्थाले सम्पत्ति गुणस्तरमा सकारात्मक प्रभाव पारेको जनाइएको छ ।

कम्पनीले नाफा आर्जनलाई स्थिर रूपमा कायम राखेको छ। नेट इन्ट्रेस्ट मार्जिन सन्तुलित रहँदा सञ्चालन खर्च नियन्त्रणमा राख्न सफल भएको कम्पनीले जनाएको छ । साथै, करिब ९६ प्रतिशत प्रावधान कभरेज कायम राखिएकोले सम्भावित जोखिम वहन गर्ने क्षमता बलियो बनेको उल्लेख गरिएको छ ।

कर्जा पोर्टफोलियो विविध खण्डमा विभाजित रहेकाले जोखिम व्यवस्थापनमा सहयोग पुगेको कम्पनीको भनाइ छ । मध्यम लोन-टु-भ्याल्यु अनुपातमा आधारित कर्जा संरचनाले वित्तीय स्थायित्वलाई थप बलियो बनाएको छ । एमएडब्लू ग्रुप अन्तर्गत सञ्चालनमा रहेको एमएडब्लू हायर पर्चेज प्राइभेट लिमिटेडले पाँच दशकभन्दा लामो समयदेखि नेपालको अटोमोबाइल क्षेत्रमा स्थापित समूहको अनुभव र बजार पहुँचबाट लाभ लिँदै आएको छ । यसले व्यवसाय विस्तार र लगानी पहुँचमा सकारात्मक सहयोग पुऱ्याएको कम्पनीले जनाएको छ ।

सन् २०११ मा स्थापना भएको एमएडब्लू हायर पर्चेज प्राइभेट लिमिटेड नेपाल राष्ट्र बैंकको मार्गदर्शनअनुसार सञ्चालन हुँदै आएको छ । कम्पनीको केन्द्रीय कार्यालय विराटनगरमा रहेको छ भने शाखा कार्यालय काठमाडौंको त्रिपुरेश्वरमा रहेको छ ।

# आईसीटी फाउन्डेसन नेपालद्वारा ५० भन्दा बढी स्टार्टअपलाई इन्क्युबेसन तथा मेन्टरशिप सहयोग

**काठमाडौं–** आईसीटी फाउन्डेसन नेपालले ५० भन्दा बढी प्रारम्भिक चरणका स्टार्टअपलाई लक्षित गर्दै इन्क्युबेसन, मेन्टरशिप तथा लगानीसम्मको सहयोग प्रदान गर्ने कार्यक्रम सञ्चालन गर्ने भएको छ ।




औद्योगिक उद्यम विकास संस्थान (आईईडीआई) नेपाल सरकारको सहकार्यमा आईसीटी फाउन्डेसन नेपाललाई बिजनेस इन्क्युबेसन सेवा सञ्चालन तथा व्यवस्थापन कार्यक्रम कार्यान्वयनका लागि छनोट गरिएको हो । यसअन्तर्गत डिजिटल तथा सूचना प्रविधि आधारित स्टार्टअप इन्क्युबेसन कार्यक्रम बागमती प्रदेशको काठमाडौं उपत्यका र कोशी प्रदेशको इटहरी केन्द्रित रूपमा सञ्चालन हुनेछ । मार्चदेखि जुन २०२६ सम्म सञ्चालन हुने यो कार्यक्रम हाइब्रिड मोडेलमा हुनेछ। कार्यक्रममा सहभागी स्टार्टअपले विशेषज्ञबाट व्यक्तिगत मेन्टरशिप, क्षमता विकास, व्यवसाय विकास तथा परीक्षण सहयोग र लगानी तयारी सम्बन्धी प्रशिक्षण प्राप्त गर्नेछन्। आयोजकका अनुसार यस कार्यक्रमले काठमाडौं बाहिर पनि उद्यमशीलता विस्तार गर्दै कम अवसर पाएका क्षेत्रका उद्यमीलाई समेत समेट्ने लक्ष्य राखेको छ । यसले नवप्रवर्तन आधारित क्षेत्रीय इकोसिस्टम मजबुत बनाउने अपेक्षा गरिएको छ ।

छनोट भएका स्टार्टअपलाई उद्योग विज्ञसँग प्रत्यक्ष सम्पर्क, व्यावहारिक तालिम र नेटवर्किङ अवसर उपलब्ध गराइनेछ। यसले उनीहरूको व्यवसाय मोडेल सुधार, बजार विस्तार तथा लगानी तयारीमा सहयोग पुग्ने विश्वास गरिएको छ। उत्कृष्ट प्रदर्शन गर्ने स्टार्टअपलाई सीड इन्भेस्टमेन्ट समेत प्रदान गरिनेछ । साथै उनीहरूलाई आईसीटी अवार्ड, स्टार्टअप एन्ड आइडिया फेस्ट, नेशनल कन्क्लेभ र एआई सम्मेलन जस्ता राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्लेटफर्ममा सहभागी हुने अवसर पनि दिइनेछ । आईसीटी फाउन्डेसन नेपालले यसअघि डिजिटल कर्णाली कन्क्लेभ र डिजिटल मधेश कन्क्लेभ जस्ता कार्यक्रममार्फत क्षेत्रीय नवप्रवर्तन प्रवर्द्धनमा योगदान दिँदै आएको छ। यस कार्यक्रममार्फत संस्थाले नेपालको स्टार्टअप इकोसिस्टम सुदृढ गर्ने, समावेशी तथा क्षेत्रीय उद्यमशीलता प्रवर्द्धन गर्ने र नवप्रवर्तनमा आधारित आर्थिक वृद्धि अघि बढाउने लक्ष्य लिएको छ । कार्यक्रममा सहभागी हुन इच्छुकले तोकिएको लिंकमार्फत दर्ता गर्न सक्नेछन् । दर्ता गर्ने अन्तिम मिति २०८३ वैशाख १० गते राति ११:५९ बजेसम्म रहेको छ ।

# नेपाल लाइफले व्यतीत बीमालेख पुनर्जागरणमा शतप्रतिशतसम्म विलम्ब शुल्क छुट दिने

**काठमाडौं–** नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड ले आफ्नो २५औं वार्षिकोत्सवको अवसरमा व्यतीत बीमालेख पुनः सक्रिय गराउने उद्देश्यले विशेष छुट योजना सार्वजनिक गरेको छ ।

कम्पनीले आर्थिक कठिनाइका कारण निष्क्रिय बनेका बीमालेखलाई पुनर्जागरण गर्न प्रोत्साहनस्वरूप विलम्ब शुल्कमा शतप्रतिशतसम्म छुट दिने व्यवस्था गरेको जनाएको छ । यसअन्तर्गत २०८३ वैशाख ७ देखि २०८३ जेठ ५ गतेसम्म व्यतीत बीमालेख पुनर्जागरण गर्दा विलम्ब शुल्कमा विशेष छुट उपलब्ध हुनेछ। कम्पनीका अनुसार "विशेष बीमा पुनर्जागरण योजना २०८२/०८३" अन्तर्गत बीमितहरूले सहज रूपमा नवीकरण बीमाशुल्क भुक्तानी गरी बीमालेख पुनः सक्रिय बनाउन सक्नेछन् ।

रजत जयन्तीको अवसरमा कम्पनीले पहिलो पटक यति ठूलो स्तरको विलम्ब शुल्क छुट योजना ल्याएको जनाएको छ। ३० दिनसम्म सञ्चालन हुने यस योजनाबाट व्यतीत बीमालेख भएका बीमितहरूले लाभ लिन सक्ने कम्पनीको भनाइ छ ।

नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड ले आफ्ना सबै बीमितलाई बीमालेख नवीकरण गरी निरन्तर बीमा सुरक्षा कायम राख्न आग्रह गरेको छ ।



नेपाल लाइफ देशकै अग्रणी जीवन बीमा कम्पनीमध्ये एक हो । कम्पनीले करिब ३० प्रतिशत बजार हिस्सा ओगट्दै आएको जनाएको छ । विगत २५ वर्षदेखि कम्पनीले देशभरका ७७ जिल्लामा शाखा सञ्जाल विस्तार गर्दै सेवा प्रदान गरिरहेको छ । कम्पनीसँग ६९ हजारभन्दा बढी अभिकर्ताको सञ्जाल रहेको छ ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीण रमण पराजुली ले विभिन्न कारणले व्यतीत भएका बीमालेखलाई पुनः बीमा सुरक्षाको दायरामा ल्याउने उद्देश्यले विशेष योजना ल्याइएको बताउनुभयो । उहाँले बीमितलाई आफ्नो तथा परिवारको भविष्य सुरक्षित बनाउन यस अवसरको उपयोग गर्न आग्रह गर्नुभयो ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



खेलकुद

## कर्पोरेट टी–१० लिगको इनर्जी पार्टनरमा एक्स्ट्रिम इनर्जी




**काठमाडौं–** एक्सट्रिम इनर्जी ड्रिंक्सले कर्पोरेट टी-१० क्रिकेट लिगका लागि आधिकारिक इनर्जी पार्टनरमा सम्झौता गरेको छ ।

काठमाडौं स्पोर्ट्स एन्ड इभेन्ट्सका निर्देशक ज्योति भण्डारी र एक्स्ट्रिम इनर्जी ड्रिंक्सका इभेन्ट म्यानेजर सुजल राणाले सोमबार हस्ताक्षर गरेका छन् । दुवै पक्षले खेलकुद प्रवर्द्धन र कर्पोरेट क्षेत्रलाई प्रोत्साहन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । यस सम्झौता अनुसार एक्स्ट्रिम इनर्जी ड्रिंक्सले कर्पोरेट टी-१० लिगलाई आर्थिक तथा प्रत्येक खेलका 'म्यान अफ ड म्याच' लाई आकर्षक गिफ्ट ह्याम्पर प्रदान गर्नेछ ।

म्यानेजर राणाले यस सहकार्यले खेलाडीको ऊर्जा र प्रदर्शनलाई नयाँ उचाइमा पुऱ्याउने विश्वास व्यक्त गरे ।

आयोजक निर्देशक भण्डारीले एक्स्ट्रिम इनर्जी जस्तो प्रख्यात ब्रान्डसँगको सहकार्यलाई महत्वपूर्ण उपलब्धिका रूपमा लिएको बताए ।

# पार्टीमा सबैलाई मिलाउने मेरो जिम्मेवारी हो, मिलाउँछु : गगन थापा



**काठमाडौं–** नेपाली कांग्रेसका सभापति गगन थापाले पार्टीभित्र सबैलाई मिलाएर लाने आफ्नो जिम्मेवारी रहेको हुँदा सबैलाई मिलाएर जाने प्रतिबद्धता व्यक्त गरेका छन् ।

बागमतीको चुनावी समीक्षामा सोमबार हेटौंडामा बोल्ने क्रममा सभापति थापाले नेताहरुसँग कुराकानी सुरु गरेको जानकारी गराएका हुन् । पार्टीमा वृहत्तर एकताका लागि नेताहरुसँग संवाद हुने उनले बताए ।

'पार्टीभित्र बस्दै आएका हामीहरु मात्रै मिलेर हुँदैन । पार्टीलाई वर्षौंदेखि समर्थन गर्दै आउनुभएको ठूलो पङ्क्ति छ,' थापाले भने, 'सदस्यभन्दा बाहिर हाम्रो लाखौं समर्थक हुनुहुन्छ । हामीलाई यसपटक भोट हाल्नु भएन । किन? त्यो खोजौं भन्ने मेरो कुरा हो ।' पार्टी भन्दा बाहिर रहेका शुभेच्छुक र समर्थकलाई पनि पार्टीमा जोड्नुपर्ने छ ।'

पार्टीको सदस्यता लिएर कांग्रेसले भोट हाल्दिन भन्नेले कांग्रेस छोड्न उनले सुझाव दिए । पार्टीमा संरचनामा व्यापक परिवर्तन आवश्यक रहेको उनले बताए ।

पार्टीभित्र अब विवादको अध्याय अन्त्य भएको थापाले नेता कार्यकर्तासँग भने, 'विशेष महाधिवेशन ठीक थियो/थियो भन्ने अध्याय अब सकियो । यो बहसलाई यही अन्त्य गर्ने हो ।'

# सबै कुरा प्रधानमन्त्रीलाई सोध्नुपर्छ भन्ने स्थिति नहोस् : हर्क साम्पाङ



**काठमाडौं–** श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राईले संघीयतासम्बन्धी सबै विषय प्रधानमन्त्रीलाई सोध्नुपर्ने अवस्थाको अन्त्य हुनुपर्ने बताएका छन् ।

आइतबार पार्टीद्वारा ललितपुरमा आयोजित एक कार्यक्रममा बोल्दै उनले संघीयताको मर्मअनुसार काम नभएको भन्दै त्यस्तो स्थितिको अन्त्य हुनुपर्ने बताएका हुन् । मुलुकमा विकास, निर्माणको काम गर्नका लागि कानुनमा तत्काल ठूलो परिवर्तन ल्याउन पनि सरकारलाई उनले आग्रह गरे ।

'कानुनमा ठूलो फेरबदल हामीले ल्याउनुपर्छ । कस्तो खालको कानुन छ भन्दाखेरी मैले हिजो कानुनमन्त्रीजीलाई पनि भेटेँ । टिप्पणी उठाउनुपर्छ भन्दै हुनुहुन्थ्यो । हामीले के बुझ्न जरुरी छ भने कानुनमा हामीले परिवर्तन ल्याउन सकेनौं भने काम गर्न सकिँदैन,' उनले भने, 'जस्तै एउटा उदाहरण दिन्छु, बाटो बनाउने मन्त्रालयले बाटो बनाउन खोज्छ, वन मन्त्रालयले रोक्छ । पानी खुवाउने मन्त्रालयले ट्यांकी बनाउन खोज्छ, वनले आएर रोकिहाल्छ । यस्तो खालको विरोधाभाष देशमा छ ।'

विकास निर्माणको काम अघि बढाउनका लागि कानूनमा ठूलो परिवर्तन ल्याउन आवश्यक रहेको अध्यक्ष राईको बुझाइ थियो ।

उनले भौतिक पूर्वाधार मन्त्रालयले गरिरहेको काममा वन मन्त्रालयले रोक्न विरोधाभाष अवस्था विद्यमान रहेकाले त्यसमा सुधार गर्ने काममा सरकारले ढिलाई गर्न नहुने स्पष्ट पारे ।

'हामी संस्कृतिवादी मान्छे । सबै संस्कृतिको हामीले सम्मान गर्छौं । यो हिसाबले हामी सबै संस्कृतिको सम्मान गर्छौं । कोही मान्छे अल्पसंख्यक छ । त्यसको संस्कृतिलाई पेल्नुपर्छ, ठेल्नुपर्छ, मास्नपर्छ भन्ने होइन,' उनले भने, 'संघीयता मर्म अनुसारको होस् । सबै कुरा प्रधानमन्त्रीलाई सोध्नुपर्छ भन्ने खालको स्थिति नहोस् भन्न म चाहन्छु ।'

## डोल्पाका दुई पालिकामा आइतबार पनि विद्यालय खुल्ने



**डोल्पा–** डोल्पाका दुई वटा स्थानीय तहले आइतबार पनि विद्यालय खोल्ने निर्णय गरेका छन् ।

सरकारले पेट्रोलियम पदार्थको आपूर्तीमा देखिएको समस्यालाई मध्यनजर गर्दै शनिबार र आइतबार सार्वजनिक बिदा दिने निर्णय गरेको थियो ।

तर, डोल्पाको ठूलीभेरी नगरपालिका र मुड्केचुला गाउँपालिकाले आइतबार पनि नियमित पठनपाठन जारी राख्ने जनाएका छन् ।

ठूलीभेरी नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत डिल प्रसाद रोकायले अनुसार, हप्तामा दुई दिन (शनिबार र आइतबार) सार्वजनिक बिदा दिने सरकारी निर्णय कार्यान्वयनका विषयमा छलफलपछि आइतबार पनि विद्यालय सञ्चालन गर्ने निर्णय गरिएको हो ।

नगर शिक्षा समितिले आइतबार विद्यालय सञ्चालन गर्न सबै विद्यालयहरूलाई आग्रह समेत गरेको छ । साथै, वैशाख ८ देखि ११ गतेसम्म भर्ना अभियान सञ्चालन गरी वैशाख १३ गतेदेखि कक्षा सुरु गर्न निर्देशन दिएको छ ।

यस्तै, मुड्केचुला गाउँपालिकाले पनि गाउँ शिक्षा समितिको निर्णयअनुसार आगामी शैक्षिक सत्रदेखि विद्यालयहरू आइतबार पनि सञ्चालन गर्ने जनाएको छ ।

हिमाली क्षेत्रमा हिउँदका समयमा लामो बिदा हुने भएकाले तोकिएको वार्षिक पाठ्यघण्टा पूरा गर्न कठिन हुने भएकोले आइतबार पनि विद्यालय सञ्चालन गर्नँ परेको गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख गोपाल बुढाले जानकारी दिए । दुवै पालिकाले विद्यार्थीको सिकाइ प्रभावित नहोस् र निर्धारित पाठ्यक्रम समयमै सम्पन्न होस् भन्ने उद्देश्यले आइतबार पनि पठनपाठन सञ्चालन गर्ने निर्णय गरेको जनाएका छन् ।

## पथलैया–चुरियामाई खण्डको अतिक्रमित संरचना हटाउन सडक डिभिजनको अल्टिमेटम




**हेटौंडा–** पथलैया-चुरियामाई खण्डको सडक क्षेत्रमा अतिक्रमित संरचना हटाउने तयारी गरेको छ ।

६ असोजबाट सडक डिभिजनले त्रिभुवन राजपथअन्तर्गत पर्ने बीरगञ्जको गण्डक चोकदेखि मितेरीपुलसम्मको सडक २५-२५ मिटर दायाँ-बायाँ विस्तार थालेको हो । बीरगञ्जको गण्डकदेखि पथलैयासम्म यसअघि नै सडक विस्तार भइसकेको छ भने अब बाराको पथलैयादेखि मकवानपुरको सीमा क्षेत्र हेटौंडा उपमहानगरपालिका-१५ चुरियामाईसम्म सडक विस्तारको तयारी गरेको हो ।

सडक डिभिजन प्रमुख गुरुप्रसाद अधिकारीले सोमबार पथलैया-चुरियामाई खण्डमा २५ मिटरभित्रका घरटहरा १० वैशाख भित्र हटाउन सूचना जारी गरिएको जानकारी दिए । पटक-पटकको सूचनापछि पनि अतिक्रमण यथावत रहेपछि कार्यालयले तोकिएको मिति भित्र खाली नगरे सार्वजनिक सडक ऐन, २०३१ र प्रचलित नेपाल कानून बमोजिम कारबाही अघि बढ्ने जनाइएको छ ।

सडक डिभिजनले यसअघि १८ पुस ०७३ र ९ असार ०८० मा पनि सूचना जारी गर्दै महेन्द्रराजमार्गको पथलैयादेखि चुरियामाई ३ नं. पुल र चुरियामाई मन्दिर बाराको क्षेत्रमा सडकको केन्द्रबाट दायाँबायाँ दुबैतिर २५/२५ मिटरको सीमा भित्र रहेका घर टहराहरु नहटाएको जनाएको छ ।

## भूपदेव शाहलाई महामन्त्री बनाउने रास्वपाको तयारी

**काठमाडौं–** रास्वपाले भूपदेव शाहलाई महामन्त्री बनाउने तयारी गरेको छ । आज बस्ने केन्द्रीय समिति बैठकमा शाहलाई महामन्त्री बनाउने प्रस्ताव अघि बढाउने तयारी गरेको स्रोतले जानकारी दियो ।

'उहाँ (भूपदेव शाह) लाई महामन्त्रीको रुपमा बैठकमा प्रस्ताव पेश हुने कार्यसूची छ,' स्रोतले भन्यो, 'आजकै बैठकले उक्त प्रस्ताव पारित पनि गर्नेछ ।'

काठमाडौं महानगरपालिकाको मेयर बालेन शाहले पद छाडेर रास्वपा प्रवेश गर्दा भूपदेव पनि उनीसँगै सचिवालयमा थिए ।

यसअघि भएको सहमति अनुसार, महामन्त्रीमा सुनिल लम्साल थिए भने भूपदेव सहमहामन्त्री थिए । लम्सालले मन्त्रीको जिम्मेवारी सम्हालेपछि भूपदेवलाई पार्टीको महामन्त्री बनाउन लागिएको स्रोतले बतायो । प्रमुख स्वकीय सचिव भएर काम गरेका उनी बालेनका निकट पात्र मानिन्छन् । रास्वपासँग एकीकरणको प्रक्रियाका क्रममा उनी पार्टीको केन्द्रीय सदस्य बनेका थिए ।

पछिल्लोपटक फागुन २१ मा भएको प्रतिनिधिसभा निर्वाचनमा उनी अछाम क्षेत्र नम्बर २ बाट उम्मेदवार थिए । यद्यपि उनी निर्वाचनमा भने पराजित भएका थिए ।

## कञ्चनजंघा क्षेत्रमा पर्यटकको चहलपहल बढ्यो



**ताप्लेजुङ–** ताप्लेजुङमा रहेको विश्वको तेस्रो अग्लो हिमाल कञ्चनजंघा क्षेत्रमा पर्यटकको आगमन सुरु भएको छ । मौसम अनुकूल बन्दै जाँदा आन्तरिक तथा विदेशी पर्यटकको चहलपहल बढ्न थालेको हो ।

कञ्चनजंघा क्षेत्र चैतको पहिलो सातादेखि जेठको तेस्रो सातासम्म भ्रमणका लागि उपयुक्त समय मानिन्छ । कञ्चनजंघा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्, घुन्सा चेकपोस्टका पर्यटन सहायक टाँसीछिरिङ शेर्पाका अनुसार पछिल्लो एक महिनामा १६५ जना विदेशी पर्यटकले भ्रमण गरेका छन् । वर्षमा दुई पटक प्रमुख पर्यटकीय याम मानिन्छ । पहिलो चैतदेखि जेठसम्म र दोस्रो असोजदेखि मङ्सिरसम्म रहेको उनले जानकारी दिए । गत वर्ष पहिलो याममा मात्रै ७५० विदेशी पर्यटक यहाँ आएका घुन्सा चेकपोस्टले जनाएको छ ।

कञ्चनजंघा आधार शिविर पुग्न दुई प्रमुख पदमार्ग प्रयोग हुँदै आएका छन् । पाँचथरको गणेशचोक हुँदै सिरिजंघा गाउँपालिका भएर र काठमाडौंबाट हवाईमार्ग हुँदै सुकेटार विमानस्थल पुगेर फक्ताङलुङ गाउँपालिकाको बाटो प्रयोग गरी आधार शिविर पुग्न सकिन्छ । पर्यटकलाई लक्षित गर्दै कञ्चनजंघा पदमार्गमा सानाठूला गरी ५२ वटा होटल सञ्चालनमा रहेका कञ्चनजंघा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्ले जनाएको छ । फक्ताङलुङ गाउँपालिका-६ ग्याप्लामा करिब सात करोड रुपैयाँभन्दा बढी लगानीमा 'सिङ्गी नामजोंग होटल' सञ्चालनमा आएको छ ।

समुद्री सतहबाट तीन हजार ५०० देखि चार हजार ५०० मिटर उचाइसम्म एक करोड रुपैयाँभन्दा बढी लगानीमा बनेका चार होटल सञ्चालनमा रहेका घुन्सा चेकपोस्टका पर्यटन सहायक शेर्पाले जानकारी दिए । उनका अनुसार अन्य होटलहरूमा पनि करिब ८० लाखभन्दा रुपैयाँ बढी लगानीका छन् । सदरमुकाम फुङ्लिङ बजारमा पर्यटक लक्षित गरी ठूला लगानीका होटलहरू सञ्चालनमा आएका छन् । पर्यटकको आगमन बढेसँगै यहाँका पर्यटन तथा होटल व्यवसायी उत्साहित बनेका छन् । कञ्चनजंघा संरक्षण क्षेत्रका स्थानीय समुदायको मुख्य जीविकोपार्जन पर्यटन, होटल व्यवसाय र पशुपालनमा आधारित छ । घुन्सा, फले र याम्फुदिन क्षेत्रका अधिकांश घरपरिवार पर्यटनसँग प्रत्यक्ष रूपमा जोडिएका पर्यटन सहायक शेर्पाले बताए ।

उनका अनुसार कोही होटल सञ्चालन गरेर स्वरोजगार बनेका छन् भने कोही पर्यटक मार्गदर्शक वा सहयोगीका रूपमा आयआर्जन गर्दै आएका छन् । खेतीपातीका सम्भावना कम भएकाले पछिल्लो समय युवापुस्ता पशुपालनभन्दा पर्यटन व्यवसायतर्फ आकर्षित देखिएका उनको भनाइ छ । सन् १९५५ मे २५ मा कञ्चनजङ्घाको पहिलो आरोहण भएको इतिहास छ । विगतमा फुङ्लिङबाट पैदल यात्रा गर्दा करिब २४ दिन लाग्ने यस क्षेत्रको भ्रमण अवधि अहिले छोटिएर ११ देखि १६ दिनमा दुवै आधार शिविर पुगेर फर्कन सकिन्छ । यस क्षेत्रमा चैत, वैशाख, जेठ तथा असोज, कात्तिक र मङ्सिरमा पर्यटकको चाप बढी हुने गर्दछ ।

हिमाल आरोहण भने मुख्यतः वैशाख र जेठमा हुने पर्यटन सहायक शेर्पाले जानकारी दिए । यहाँ जापान, जर्मनी, अष्ट्रेलिया, अमेरिका, फ्रान्स, बेलायत, नेदरल्यान्ड, क्यानडा, स्विजरल्यान्ड, बेल्जियम, फिलिपिन्स, स्पेन, स्विडेनलगायत देशबाट पर्यटक आउने गरेका छन् ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ३८,
२०८३ साल वैशाख ८ गते मंगलबार
21 APRIL 2026, TUESDAY

# बेइजिङमा मनाइयो अन्तर्राष्ट्रिय वेलनेस दिवस

**काठमाडौं–** बेइजिङस्थित नेपाली दूतावासले अन्तर्राष्ट्रिय वेलनेस दिवसको अवसर पारेर एक कार्यक्रम गरेको छ ।

स्वस्थ जीवनशैलीको प्रवर्द्धन, मानसिक तथा शारीरिक स्वास्थ्यप्रति सचेतना अभिवृद्धि गर्नुका साथै सामूहिक कल्याणको भावना विकास गर्न कार्यक्रम गरिएको दूतावासले जनाएको छ ।

नेपालद्वारा प्रस्तावित प्रस्तावलाई संयुक्त राष्ट्रसंघको महासभाले अनुमोदन गरेपछि प्रत्येक वर्ष अप्रिल १५ लाई “अन्तर्राष्ट्रिय वेलनेस दिवस” का रूपमा विश्वभर मनाउन थालिएको छ ।

दूतावासमा आयोजित कार्यक्रमको उद्घाटन सत्रमा कार्यवाहक राजदूत रोशन खनालले स्वागत वेलनेसको अवधारणा आजको व्यस्त जीवनशैलीमा झन् महत्त्वपूर्ण बन्दै गएको उल्लेख गरिन् ।




उनले वेलनेसले व्यक्तिको जीवन मात्र होइन, सम्पूर्ण समाज र विश्व स्वास्थ्य प्रणालीमा सकारात्मक प्रभाव पार्ने बताइन् । साथै, उनले वेलनेस अभ्यासले रोगहरूको रोकथाम, स्वास्थ्य क्षेत्रमा खर्चको कमी तथा दिगो विकास लक्ष्य (क्म्न्क) हासिल गर्न महत्वपूर्ण भूमिका खेल्ने धारणा व्यक्त गरिन् ।

उनले नेपाल सरकारले घोषणा गरेको ‘नेपाल वेलनेस वर्ष २०२७’ को बारेमा जानकारी दिँदै नेपाललाई विश्वस्तरमा वेलनेस पर्यटनको प्रमुख गन्तव्यका रूपमा विकास गर्ने लक्ष्य रहेको स्पष्ट पारिन् ।

नेपालका हिमाल, प्राकृतिक स्रोत, परम्परागत ज्ञान, ध्यान-योग अभ्यास तथा सांस्कृतिक विविधता वेलनेस पर्यटनका लागि उपयुक्त आधार भएको खनालको भनाइ थियो ।

कार्यक्रमका चीनको परराष्ट्र मन्त्रालयका प्रतिनिधि वाङ सिनले नेपालको प्राकृतिक सौन्दर्य, जैविक विविधता तथा समृद्ध सांस्कृतिक सम्पदाको प्रशंसा गरे ।

उनले नेपाल र चीनबीच स्वास्थ्य, वेलनेस र पर्यावरणीय पर्यटनका क्षेत्रमा सहकार्य विस्तार गर्ने सम्भावना प्रशस्त रहेको उल्लेख गर्दै दुबै देशबीचको सम्बन्ध अझ प्रगाढ बनाउने प्रतिबद्धता व्यक्त गरे । साथै, उनले ट्रान्स-हिमालयन वेलनेस पर्यटन करिडोर निर्माणको अवधारणाले क्षेत्रीय सहकार्यलाई नयाँ उचाइमा पुर्‍याउने विश्वास व्यक्त गरे ।

कार्यक्रममा सहभागीहरूका लागि योग, प्राणायाम, ध्यान तथा सिङ्गिङ बाउल हिलिङ जस्ता वेलनेससम्बन्धी अभ्यासहरू सञ्चालन गरिएको थियो ।

# पेट्रोलियम पदार्थको मूल्य घटाउन माग गर्दै निगम नजिक प्रदर्शन

**काठमाडौं–** राष्ट्रिय जेनजी नागरिक अभियानले पेट्रोलियम पदार्थको मूल्यवृद्धि घटाउन माग गर्दै आयल निगम नजिकै प्रदर्शन गरेको छ । पेट्रोलियम पदार्थको मूल्यवृद्धिको बिरोधमा सोमबार काठमाडौंको बबरमहलस्थीत आयल नियममा धर्ना दिन गएका उनीहरुलाई प्रहरीले हटाएपछि निगम नजिकै प्रदर्शन गरेका हुन् । राष्ट्रिय जेनजी नागरिक अभियानले निगममा धर्नाका साथै ज्ञापन पत्र बुझाउन खोजेका थिए ।

प्रहरीले भने समन्वय नभएको भन्दै उनीहरुलाई त्यहाबाट हटाएको हो । प्रहरीले निगम परिसरबाट बाहिर निकालेपछि युवाहरुले प्रहरी दमन मुर्दाबाद, पेट्रोलियम पदार्थको मुल्यवृद्धि फिर्ता गर लगाएतका नाराबाजी गर्दै प्रदर्शन गरेका थिए ।

सोडारीले छिमेकी देशहरूमा पेट्रोलियम पदार्थको मूल्य यथावत भए पनि नेपालमा अत्याधिक मूल्य वृद्धि गरिएकोप्रति प्रदर्शनमा सहभागीहरूले आपत्ति समेत जनाएका छन् ।

उनीहरूले पेट्रोलियम पदार्थको मूल्य नघटाएसम्म आन्दोलन जारी रहने चेतावनी दिएका छन् ।

**प्रधानमन्त्रीको एक्शन...**

अर्कोतर्फ बिभिन्न राजनीतिक पार्टीहरुको घेराबन्दी तोड्दै उदारणीय काम गर्नुपर्ने टडकारो आवश्यकता छ । त्यसैले परिणाम ल्याउन कामै गर्नुपर्ने, जनताको विश्वास जित्नुपर्ने र एक्शनका दायराहरु अझै बढाउदै लैजानुपर्ने देखिन्छ । त्यो काम वालेनको नेतृत्वको सरकारले गर्दै गईरहेको छ । आउदा दिनमा परिणामहरुले नै निर्धारण गर्छ । यो सरकार सफल की असफल भनेर त्यो चै हेर्न बाकी नै छ । तर तुलानात्मक रुपमा सकरात्मक संकेतहरु आएका छन् ।

**गुरुङको प्रश्न...**

लिखित तमसुक मिति २०८०/०५/२९ को हो,जुन रेकर्डमा नै छ,’ उनले भनेका छन् ।

उनले ऋृण लिइएको रकम बैंकमार्फत नै लिएको र सोही रकम लगानीमा प्रयोग गरिएको भनेका छन् । त्यस्तै उनले पैसा कहाँबाट आयो भन्ने कुरा अनुमानको नभई कागज र बैंकको रेकर्डले प्रमाणित गर्ने विषय भएको बताए ।

उनले विवादित व्यक्तिसँग साझेदार भनिएको प्रति पनि आपत्ति जनाउँदै भनेका छन्, ‘एउटै कम्पनीमा सयौँ-हजारौँ सेयरहोल्डर हुन्छन् । सेयर किन्नु भनेको सबैसँग साझेदारी गर्नँ होइन । यदि त्यसैलाई आधार मान्ने हो भने त्यही कम्पनीमा लगानी गर्ने सबैलाई एउटै रूपमा दोषी ठहर गर्नँपर्ने हुन्छ, जुन न्यायोचित होइन । त्यही कम्पनीमा मिडिया हाउसदेखि बैंकसम्मका लगानी छन् । के ती सबै साझेदार वा दोषी हुन् त?’

उनले थप प्रश्न गरेका छन्, ‘सेयरहोल्डर हुनु अपराध हो, कि चयन गरेर आरोप लगाउनु ?’

**ज्ञानेन्द्र शाही...**

पार्टीले सहयोग माग आफनो पार्टीले साथ दिने नेता शाहीको भनाइ थियो । ‘आज यो देशको प्रदेश संरचना खारेज गर्नँपर्छ भन्नेकुरा त हामीले संसदमा उभिएर नै भनिसक्यौं । तपाईंहरूको १८२ सिट आएको छ । प्रदेश संरचना खारेज गर्नँहुन्छ, हिन्दु, बुद्ध, किराँतसहितको सनातन हिन्दू अधिराज्य स्थापना गर्नँहुन्छ,’ उनले थप भने, ‘राजासहितको प्रजातन्त्रलाई अवलम्बन गर्नँहुन्छ, नेपालको संविधान संशोधन गर्न तपाईंलाई सिट पुगेन भने ५ वटा सिट हामी दिन्छौं । १८७ सिट पुग्छ, संविधान संशोधन गरौ भनेर हामीले घोषणा गरिसकेका छौं ।’

उनले मुलुकलाई सुशासनको बाटोमा अघि बढाउनका लागि आफनो पार्टीले सदैव पहल गर्ने प्रतिबद्धता समेत व्यक्त गरे ।

सो अवसरमा पार्टीका प्रवक्ता समेत रहेका नेता शाहीले फरक मत राखेर सबै नेता, कार्यकर्तालाई पनि समेटेर अघि बढ्न पार्टी नेतृत्वको पनि ध्यानाकर्षण गराए ।

**उपकुलपतिहरू...**

छलफलका क्रममा नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति प्रा ।डा । धनेश्वर नेपालले विद्यार्थी संगठनहरू हटाउन खोज्दा उल्टै धम्की र आक्रमण खेप्नुपरेको भन्दै असुरक्षाको गुनासो गरेका थिए ।

जवाफमा प्रधानमन्त्री शाहले राजनीतिक संगठनका संरचना हटाउदा सुरक्षाको कुनै पनि समस्या आएमा तुरुन्तै सम्बन्धित मन्त्रालय वा आफ्नो सचिवालयमा खबर गर्न निर्देशन दिए ।

प्रधानमन्त्री शाहले सुरक्षा संयन्त्रलगायत आवश्यक पर्ने सबै सहयोग उपलब्ध गराउन सरकार प्रतिबद्ध रहेको र प्रहरी प्रशासनले आफ्नो कर्तव्य पालना गर्ने बताउँदै ढुक्क भएर जिम्मेवारी पूरा गर्न उपकुलपतिहरूलाई आग्रह गर्नँभयो । साथै, प्रधानमन्त्री शाहले शैक्षिक क्यालेन्डरको पूर्ण पालना गर्न र परीक्षाको नतिजा एक महिनाभित्रै प्रकाशन गर्नसमेत कडा निर्देशन दिएका छन् । यसैगरी शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले पनि राजनीतिक दलसँग आबद्ध संगठनहरू खारेज गर्न मन्त्रालयले निर्देशन दिइसकेकाले त्यसलाई कार्यान्वयन गर्न ऐनले नरोक्ने बताए । छलफलमा त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. दीपक अर्यालले ‘जेन्जी आन्दोलन र निर्वाचनपछि विद्यार्थी तथा कर्मचारी संगठनहरू क्रमशः निष्क्रिय बन्दै गएको जानकारी दिए ।

मध्यपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा.डा. ध्रुवकुमार गौतम, पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति प्रा ।डा । विजुकुमार थपलिया र सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा.डा. हेमराज पन्तले केही आंगिक क्याम्पसहरूमा अझै पनि विद्यार्थी राजनीतिको तनाव कायमै रहेको बताए । अन्य विश्वविद्यालय र प्रतिष्ठानका उपकुलपतिहरूले भने आफ्नो संस्थामा राजनीतिक गतिविधि न्यून रहेको र प्रशासन कडा भएमा शैक्षिक क्षेत्रमा राजनीति अन्त्य हुने विश्वास व्यक्त गरे ।

**बढ्यो आलु र प्याज आयात...**

बराबर राजस्व संकलन भएकोमा यस वर्ष १ अर्ब २२ करोड ४१ लाख संकलन भएको छ ।

भन्सार विभागको तथ्यांक अनुसार चालु वर्ष ९ महिनामा ७ अर्ब ८ करोड ११ लाख ६५ हजार बराबर २ लाख ९२ हजार ९ सय ३५ टन आलु आयात भएको छ ।

गत वर्ष सोही अवधिमा ६ अर्ब २ करोड ९१ लाख ३६ हजार बराबरको २ लाख ३९ हजार ५ सय ५७ टन आलु आयात भएको थियो । यसरी आलु आयात परिमाण ५३ हजार टनभन्दा धेरैले बढेको छ ।

गत वर्ष आलु आयातबाट सरकारले १ अर्ब १५ करोड ४० लाख ४६ हजार बराबर राजस्व संकलन गरेकोमा यस वर्ष ७० करोड २१ लाख ५४ हजार संकलन गरेको छ । यसैगरी प्याज आयात पनि ह्वात्तै बढेको छ । गत वर्ष ९ महिनामा ७३ हजार ३ सय ४५ टन प्याज आयात भएकोमा चालु वर्ष झन्डै दोब्बरले वृद्धि भई १ लाख ४१ हजार ४ सय २२ टन पुगेको छ ।

यसका लागि गत वर्ष ३ अर्ब १२ करोड ८९ लाख रुपैयाँ बाहिरिएकोमा यस वर्ष ५ अर्ब ७९ करोड ६४ लाख ७५ हजार रुपैयाँ विदेशिएको छ ।

गत वर्ष प्याज आयातबाट ५९ करोड ५७ लाख १५ हजार रुपैयाँ राजस्व उठेकोमा यस वर्ष ५२ करोड २० लाख ३६ हजार रुपैयाँ संकलन भएको छ ।

**गृहमन्त्रीबार...**

सोमबार पार्टीद्वारा काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै अध्यक्ष लिङ्देनले सुशासनको कुरा गर्ने सरकारले गृहमन्त्रीबारे सञ्चार माध्यामा आइरहेका विषयमा स्पष्ट पार्नँपर्ने जिकिर गरे ।

‘सुशासनको कुरा गर्ने गृहमन्त्रीको बारेमा अहिले सञ्चार माध्यममा जे आइराखेको छ । त्यसको बारेमा सरकारले तत्काल आफ्नो धारणा स्पष्ट पार्नँपर्छ । गृहमन्त्रीले आफ्नो पोशिजन क्लियर गर्नँपर्छ । पार्टी सभापतिले गृहमन्त्रीको बारेमा आफ्नो पोजिशन क्लियर गर्नँपर्छ,’ उनले भने ।

स्टन्टको भरमा देश नचल्ने भन्दै उनले सरकारको आलोचना समेत गरे । अध्यक्ष लिङ्देनले सरकारले अनधिकृत रुपमा बनाइएको सडक छेउका घरटहरा भत्काउने नाममा सरकारले राज्य आतंक फैलाएको भन्दै आक्रोश समेत व्यक्त गरे ।

‘मैले अस्ति भर्खरै सञ्चार माध्याममा हेरिराखेको थिएँ, सामाजिक सञ्जालमा हेरिराखेको छु । म लाइसेन्स नवीकरण गर्न गएको थिए । लाइसेन्स पाइनँ तर बाँढिराखेको छ भनेर स्टन्ट गरिएको छ । अब त्यस्तो स्टन्टले देश चल्दैन ।’

**श्रम स्वीकृति...**

(ईआरटी) ले खाडी तथा पश्चिम एसियाली देशमा श्रम स्वीकृति खुला गर्न सिफारिस गरेको थियो ।

परराष्ट्र सचिव अमृतबहादुर राईको संयोजकत्वमा बसेको ईआरटीको बैठकले खाडी तथा पश्चिम एसियास्थित सबै श्रम गन्तव्य मुलुकहरू वैदेशिक रोजगारीका लागि खुला गर्न सिफारिस गर्ने निर्णय गरेको हो । सोही आधारमा मन्त्रालयले श्रम स्वीकृति खुला गरेको हो ।


युद्धका कारण खाडी तथा पश्चिम एसियाली देशमा रहेका नेपालीहरूको सुरक्षालाई मध्यनजर गर्दै श्रम मन्त्रालयले गत फागुन १७ गते श्रम स्वीकृति, पुनः श्रम स्वीकृति स्थगन गर्ने निर्णय गरेको थियो ।

## अन्तराष्ट्रिय

# हर्मुजको जलघााटी खोल्न सीको आग्रह

**काठमाडौं–** चिनियाँ राष्ट्रपति सी जिनपिङले हर्मुजको जलघाँटी खोल्न आग्रह गरेका छन् । सार्वजनिक रुपमा उनले हर्मुज पुनः सुचारु गर्न आग्रह गरेको यो पहिलोपटक हो ।

सोमबार साउदीका राजकुमार मोहम्मद बिन सलमानसँगको टेलिफोन कुराकानीमा उनले यस्तो धारणा राखेको चीनको सरकारी न्युज एजेन्सी सिनुवामा उल्लेख छ । ‘तत्काल पूर्ण युद्धविराम’ तथा पश्चिम एसियामा शान्ति फर्काउने



कुनै पनि प्रयासमा चीनले समर्थन गर्ने उनले बताए ।

फोनवार्तामा राजकुमार सलमानले द्वन्द्व समाधानका लागि साउदी अरेबिया प्रतिवद्ध रहेको बताएका थिए ।

# संयुक्त राष्ट्रसङ्घ महासचिवको दौडमा चारजना



संयुक्त राष्ट्रसङ्घको आगामी महासचिव चयन प्रक्रिया यसपटक असामान्य रूपमा सीमित प्रतिस्पर्धामा देखिएको छ । सन् २०१६ मा १३ जना उम्मेदवारबीच भएको खुला र उत्साहजनक प्रतिस्पर्धाको तुलनामा अहिले केवल चार जना दाबेदार मात्र औपचारिक प्रस्तुतिका लागि अघि आएका छन् ।

विश्लेषकहरूका अनुसार यो सङ्कुचन केवल संयोग होइन, बरु विश्व राजनीतिमा बढ्दो ध्रुवीकरण, कूटनीतिक जोखिम र कमजोर बन्दै गएको बहुपक्षीय प्रणालीको प्रत्यक्ष सङ्केत हो । हालका महासचिव एन्टोनियो गुटेरेसको कार्यकाल आगामी डिसेम्बर ३१ मा सकिँदैछ ।

उनको उत्तराधिकारी चयनका लागि सुरु भएको प्रक्रियाअन्तर्गत चार उम्मेदवारले संयुक्त राष्ट्र महासभामा सदस्य राष्ट्रहरूसामु आफ्नो दृष्टिकोण प्रस्तुत गर्नेछन् । प्रस्तुतिको क्रमअनुसार चिलीकी पूर्वराष्ट्रपति मिशेल ब्याचेलेटले पहिलो ‘अडिसन’ दिनेछन् ।

त्यसपछि अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीका प्रमुख अर्जेन्टिनाका राफेल मारियानो ग्रोसी, कोस्टा रिकाकी अर्थशास्त्री तथा युएनसीट्याड प्रमुख रेबेका ग्रिन्स्पान र अन्त्यमा सेनेगलका पूर्वराष्ट्रपति म्याकी सलले आफ्ना धारणा राख्नेछन् । यसपटक उम्मेदवार सङ्ख्या घट्नुका पछाडि सबैभन्दा प्रमुख कारण विश्व राजनीति गहिरो ध्रुवीकरणतर्फ जानु हो । एक दशकअघि अन्तर ाष्ट्रिय सहकार्य अपेक्षाकृत सहज थियो, जसले धेरै उम्मेदवारलाई प्रतिस्पर्धामा उत्रिन प्रोत्साहित गरेको थियो । तर अहिले अमेरिका, चीन र रुसजस्ता शक्तिशाली राष्ट्रहरूबीच बढ् दो अविश्वासका कारण यस्तो प्रतिस्पर्धामा भाग लिनु नै कूटनीतिक रूपमा जोखिमपूर्ण बनेको छ ।

विश्लेषकहरूका अनुसार अब उम्मेदवार बन्नु केवल प्रतिष्ठाको विषय मात्र होइन, गलत सन्देश गए शक्तिशाली देशहरूबीच सम्बन्ध बिग्रन सक्ने संवेदनशील निर्णय पनि हो । संयुक्त राष्ट्रसङ्घको प्रभावकारिता घट्दै गएको धारणा पनि उम्मेदवार सङ्ख्या घट्नुको अर्को कारण हो ।

जलवायु परिवर्तन, दिगो विकास र आर्थिक सहकार्यका क्षेत्रमा एक दशकअघि सक्रिय भूमिका खेलेको संस्था अहिले युक्रेन, गाजा र इरानजस्ता द्वन्द्वमा प्रभावकारी हस्तक्षेप गर्न असमर्थ देखिएको छ । यसको मुख्य कारण सुरक्षा परिषद्का स्थायी सदस्यबीचको असहमति र भिटो शक्तिको प्रयोग हो, जसले निर्णय प्रक्रियालाई बारम्बार अवरुद्ध बनाउँदै आएको छ ।

महासचिव चयनमा औपचारिक निर्णय महासभाले गर्ने भएपनि वास्तविक शक्ति भने सुरक्षा परिषद्का पाँच स्थायी सदस्य अमेरिका, रुस, चीन, बेलायत र फ्रान्ससँग रहन्छ । उनीहरूमध्ये कुनै एकले पनि असहमति जनाए उम्मेदवार असफल हुन सक्छन् ।

यही कारण उम्मेदवारहरूका लागि सन्तुलित कूटनीति अत्यन्त आवश्यक हुन्छ । उम्मेदवार हरूको मनोनयन प्रक्रिया पनि यसपटक जटिल देखिएको छ । ब्याचेलेटलाई सुरुमा चिली, ब्राजिल र मेक्सिकोले समर्थन गरेका थिए । तर चिलीमा सरकार परिवर्तन भएपछि समर्थन फिर्ता लिइयो, र अहिले उनको मनोनयनमा ब्राजिल र मेक्सिकोको मात्रै प्रस्ताव छ । ग्रोसी र ग्रिन्स्पानलाई उनीहरूको आफ्नै देशले प्रस्ताव गरेका छन् ।

म्याकी सललाई बुरुन्डीले प्रस्ताव गरे पनि उनको आफ्नै देश सेनेगलले औपचारिक समर्थन दिएको छैन ।
यसैबीच अर्जेन्टिनाकी कूटनीतिज्ञ भर्जिनिया गम्बाको उम्मेदवारी फिर्ता लिएपछि प्रतिस्पर्धा झन् खुम्चिएको हो ।

लैङ्गिक प्रतिनिधित्वको प्रश्न पनि यसपटकको बहसको केन्द्रमा छ । यस प्रतिस्पर्धामा दुई जना महिला उम्मेदवार सहभागी भए पनि, महासचिव पदमा महिलालाई चयन गर्नुपर्ने माग अझै बलियो रूपमा उठिरहेको छ । सन् २०१६ मा पनि यस्तो माग व्यापक रूपमा उठेको थियो, तर अन्ततः पुरुष उम्मेदवार चयन भएका थिए । यसपटक भने केही शक्तिशाली देशहरूले महिला नेतृत्वप्रति सकारात्मक सङ्केत दिएका छन्, यद्यपि अन्तिम परिणाम अझै अनिश्चित छ ।

यसपटकको सीमित प्रतिस्पर्धा केवल उम्मेदवार सङ्ख्या घट्नुको घटना मात्र नभएर यसले विश्वव्यवस्थामा देखिएको अस्थिरता, शक्ति सङ्घर्ष र कमजोर हुँदै गएको बहुपक्षीय संरचनालाई प्रतिबिम्बित गर्छ ।

# ‘मालती मंगले’को ‘झ्याम पारम’ गीत : विजय र वर्षाको बिहेमा सविन र एलिसाको नृत्य

काठमाडौं- गायक रामकृष्ण ढकालले पहिलो पटक निर्माण गरेको फिल्म ‘मालती मंगले’को तेस्रो गीत ‘झ्याम पारम’ सार्वजनिक गरिएको छ । फिल्मका अघिल्ला दुई गीतहरू ‘सुनैको सपनी’ र ‘ढुङ्गा माथि लेऊ’ले दर्शकबाट सकारात्मक प्रतिक्रिया पाइरहेको अवस्थामा निर्माण पक्षले सोमबार लोकलयमा आधारित उक्त गीत सार्वजनिक गरेको हो ।

युवायुवतीबीचको प्रेम र आकर्षणलाई समेटिएको गीतमा गायक रामकृष्ण ढकाल र गायिका मेलिना राईको स्वर सुन्न सकिन्छ । उनीहरूले यसअघि फिल्म ‘हिजो आजका कुरा’मा समावेश चर्चित गीत ‘माया जदौ’मा सहकार्य गरेका थिए । गीतमा राजेन्द्र थापाको शब्द रचना छ भने राजनराज सिवाकोटीको संगीत तथा श्यामश्वेत



रसाइलीको एरेन्ज रहेको छ ।

गीतको भिडियोलाई फिल्मका मुख्य जोडी विजय बराल र वर्षा राउतको विवाहको माहोलमा तयार पारिएको छ । रोशन विश्वकर्माको कोरियोग्राफी रहेको भिडियोमा मेक्सम गौडेल, डान्सर सविन कार्की (बीस्ट), एलिसा शर्मा र रोशित कर्माचार्यले आकर्षक नृत्य प्रस्तुत गरेका छन् । सविन, एलिसा र रोशित फिल्मको यस गीतमा मात्र देखिनेछन् ।

प्रकु पाण्डेयको कथा तथा निर्देशनमा बनेको फिल्ममा विजय, वर्षा र मेक्समसहित नरिन थापा, मान्सु सापकोटा, प्रकाश घिमिरे, सरिता गिरी, सुस्मा निरौला, सुनिल तामाङ, उमेश सुनाम, शकु शाह, सुचित्रा उप्रेती, दिनेश शाही, रिजन परियार, तारा शर्मा, राज पङ्गेनी लगायतका कलाकारहरूको अभिनय रहेको छ । फिल्ममा पटकथा तथा संवाद संयोग गुरागाईंले तयार पारेका हुन् ।

वैशाख २५ गतेबाट प्रदर्शन हुन लागेको यस फिल्मका कार्यकारी निर्माता सागर ज्ञवाली हुन् भने सह-निर्माताहरूमा बाबु सुवेदी, रबिन श्रेष्ठ, वेदना कर्माचार्य, पद्मावती गुरुङ, स्वीकृति बस्नेत र मिलन बजगाईं रहेका छन् । फिल्ममा महेश पौडेलको छायांकन तथा रोमी मोजेजको सम्पादन रहेको छ । रङ्ग संयोजन कृष्ण भण्डारी र ध्वनि मिश्रण डिकेश खड्गीले गरेका हुन् ।

# ‘सारथी’मार्फत २२ वर्षपछि पर्दामा देखिँदै ‘दर्पण छायाँ’ जोडी




काठमाडौं- कालजयी फिल्म ‘दर्पण छायाँ’का जोडी उत्तम प्रधान र निरुता सिंह दुई दशकपछि एकसाथ ठूलो पर्दामा देखिने भएका छन् । यही बुधबारबाट छायांकन सुरु हुन लागेको फिल्म ‘सारथी’मा उनीहरूको जोडी बाँधिन लागेको हो । सोमबार यो फिल्मको काठमाडौंस्थित भद्रकाली मन्दिरमा शुभ मुहूर्त गर्दै कलाकार तथा प्राविधिकबारे जानकारी गराइयो ।

कुमार गजुरेलको निर्देशनमा बन्ने यस फिल्ममा उत्तम र निरुतासहित मुकुन्द श्रेष्ठ, सम्रान्त थापा, गिरी विश्वकर्मा, गायत्री जोशी, मदन थापा, मिलन खड्का, रश्मी गुरुङ, तुलसी राई, आशा विश्वकर्मालगायतका कलाकारहरूको अभिनय रहनेछ । फिल्मको निर्मातामा तारा थापा ‘किम्भे’ रहेका छन् । सम्पादकको रुपमा परिचित उनले यही फिल्मबाट निर्माणमा हात हालेका हुन् ।

किम्भे प्रोडक्सन तथा धीरज इन्फिनिटी फिल्म्सको सहकार्यमा निर्माण हुने फिल्मको लगानीकर्तामा सौर्यल थापा पनि रहेका छन् । रदिप श्रेष्ठ र प्रदिप रायमाझी कार्यकारी निर्माता रहेको फिल्मका लाइन प्रोड्युसर अमीर केसी र कुमार गजुरेल हुन् । फिल्मको शीर्षक हेर्दा सम्बन्धको कथामा फिल्म आधारित रहने अनुमान गर्न सकिन्छ ।

# केकीले निर्माण गर्ने ‘स्टेशन’ वैशाख तेस्रो सातादेखि छायांकन




काठमाडौं- अभिनेत्री केकी अधिकारीले निर्माण गर्न लागेको फिल्म ‘स्टेशन’को शुभ मुहूर्त गरिएको छ । सोमबार अक्षय तृतीयाको अवसर पारेर ललितपुरस्थित बंगलामुखी मन्दिर परिसरमा मुहूर्त गर्दै फिल्मको औपचारिक रुपमा निर्माण प्रक्रिया सुरु गरियो । मुहूर्तमा केकी र निर्देशक सुरक्षण भारतीले क्यामेरा, स्क्रिप्ट र क्ल्याप पूजा गरेका थिए ।

केकीले नयाँ वर्षको अवसर पारेर गत मंगलबार यो फिल्मको निर्माण घोषणा गरेकी थिइन् । घोषणासँगै सार्वजनिक गरिएको ‘थिम पोस्टर’ले दर्शकमा फिल्मको विषयवस्तुप्रति कौतुहलता जगाएको छ । कलर टोनमार्फत ‘बोक्सीको घर’को छनक दिन खोजिएको पोस्टरले क्राइम-थ्रिलर जनरामा फिल्म बन्न लागेको संकेत गर्छ ।

केकी अधिकारी फिल्म्सको ब्यानरमा निर्माण हुने यस फिल्ममा निर्देशक भारती स्वयंको लेखन रहेको छ । केकी र भारतीले यसअघि २०८१ सालको ब्लकबस्टर फिल्म ‘बोक्सीको घर’मा सहकार्य गरेका थिए । यो फिल्म रिलिजपश्चात् उनीहरूको सम्बन्ध बिग्रिएको थियो । तर, दुवैले पुरानो तिक्तता बिर्सिएर दोस्रो पटक फिल्ममा सहकार्य गरेका हुन् ।

वैशाख तेस्रो साताबाट छायांकन सुरु हुने यस फिल्मको निर्मातामा बद्री अधिकारी रहेका छन् । डेढ दशकअघि ‘इन्द्रावती’, ‘लडाइँ’, चक्रव्यूह’, ‘आवाज’, ‘ज्यान हाजिर छ’ लगायतका फिल्मको निर्देशन समेत गरेका उनी केकीका बुबा हुन् । कुनै समय उनले निर्देशन गरेको ‘अविरल बग्दछ इन्द्रावती’ नामक टेलिशृंखला निकै चर्चित थियो ।

# ‘परालको आगो’मा जब प्रकाशलाई रिसाउन सुहानाले सिकाइन्

काठमाडौं- गायनबाट फिल्म अभिनयमा आएका धेरै अनुहारमध्ये एक हुन्, प्रकाश सपूत । गायन करिअरको उत्कर्षमा रहँदा उनले ‘परदेशी २’बाट फिल्ममा डेब्यू गरेका थिए । उनलाई पहिलो प्रयासमै सफलता मिल्यो । उनको दोस्रो फिल्म ‘पूर्णबहादुरको सारङ्गी’ले त कमाइमा इतिहास नै रच्यो । यसपछि उनले ‘वसन्त’, ‘माइतीघर’ र ‘हरिबहादुरको जुत्ता’ जस्ता फिल्ममा काम गरिसकेका छन् ।

अब उनी नयाँ फिल्म ‘परालको आगो’मा देखिँदैछन्, जुन यही वैशाख ११ गते प्रदर्शन हुँदैछ । यसमा उनले चामे पात्रको भूमिकामा अभिनय गरेका छन्, जो स्वभावले रिसाहा र सनकी छ । फिल्मको ट्रेलर हेर्दा पनि उनको चरित्रबारे बुझ्न सकिन्छ । फिल्ममा आफूभन्दा अलग स्वभावको चरित्रमा अभिनय गर्न निकै गाह्रो भएको उनको अनुभव छ ।

उनी भन्छन्, ‘मेरो स्वभावभन्दा एकदमै फरक चरित्र छ फिल्ममा । मेरो पात्रले कहिले श्रीमतीलाई माया गर्छ त कहिले भैंसीमाथि रिस पोख्छ । म सबैभन्दा बढी भैंसी कुट्नुपर्ने सिनमा डराएको थिएँ । फिल्ममा पनि आओस् र भैंसीलाई पनि केही नहुने गरी कसरी काम गर्ने भनेर मलाई छटपटी भएको थियो । त्यो




रिसाउनुपर्ने सिनमा मलाई सुहाना थापाले सिकाउनु भयो ।’

सुहानासँग काम गर्दा रमाइलो अनुभव भएको उनको भनाइ छ । भन्छन्, ‘उमेरले उहाँभन्दा म अलिकति ठूलो भए पनि उहाँको बुझाइको स्तर, संसार, समाज र व्यक्तिलाई हेर्ने दृष्टिकोणको आयाम साँच्चिकै अद्भूत नै छ । उहाँ साँच्चिकै राम्रो मान्छे हुनुहुन्छ । उहाँ साइकोलोजीको डाक्टर पनि भएको हुनाले मलाई एक किसिमको थेरापीको काम पनि गर्नुभयो ।’

आधुनिक कथाका प्रणेता मानिने गुरुप्रसाद मैनालीको ‘नासो’ कथासङ्ग्रहमा सङ्गहित ‘परालको आगो’ कथाबाट प्रेरित भनिएको यस फिल्ममा प्रकाशको जोडी सुहानासँग बाँधिएको छ । यसमा उनीहरू श्रीमान्-श्रीमतीको भूमिकामा छन् । सौगात मल्ल, सिर्जना अधिकारी, किशोर भण्डारी, ज्याक श्रेष्ठ लगायतको पनि फिल्ममा अभिनय छ ।

# ‘धुरन्धर २’ बन्ला भारतको सबैभन्दा धेरै कमाउने फिल्म ?



काठमाडौं- बलिउड फिल्म ‘धुरन्धर: द रिभेन्ज’ले प्रदर्शनको पाँचौं हप्तासम्म आइपुग्दा थुप्रै कीर्तिमान ध्वस्त पारेको छ । सर्वाधिक ठूलो ओपनिङदेखि बलिउडको इतिहासमा सबैभन्दा धेरै कमाउने फिल्मसम्मको र कर्ड यसले आफ्नो नाममा बनाएको छ । अब यो फिल्मले तोड्न बाँकी एउटा मात्र कीर्तिमान छ । त्यो हो, फिल्म ‘पुष्पा: द रुल्स’ले बनाएको व्यापारिक कीर्तिमान ।

सन् २०२४ मा प्रदर्शन भएको तेलुगु भाषाको उक्त फिल्मले भारतमा मात्र १४७१ करोड ग्रस र १२३१ करोड नेट कमाएको थियो । यो नै भारतमा सर्वाधिक कमाउने फिल्म हो । अब यसको रेकर्ड तोड्न लगभग एक सय करोडले ‘धुरन्धर २’ पछाडि छ । यो फिल्मले प्रदर्शनको ३२ दिन अर्थात् आइतबारसम्म कुल १११५.६७ करोड नेट कमाएको छ ।

फिल्मले प्रदर्शनको पाँचौं हप्तामा गरिरहेको कमाइको ट्रेन्ड हेर्दा ‘पुष्पा: द रुल्स’को रेकर्ड तोड्न लगभग असम्भव नै देखिन्छ । किनकि, चौथो हप्तादेखि भारतमा फिल्मको कमाइ २ देखि ५-७ करोडको बीचमा देखिएको छ । दैनिक फिल्मको अकुपेन्सीमा भारी गिरावट आइरहेका कारण अब फिल्मले बढीमा ५०-६० करोड कमाउन सक्ने अनुमान गरिएको छ ।

‘धुरन्धर २’लाई ‘पुष्पा २’को रेकर्ड तोड्न असम्भवजस्तै भए पनि यसले केही दिनअघि मात्र निर्देशक एसएस राजामौलीको ‘बाहुबली २: द कन्क्लुजन’ (१०३०.४२ करोड) र प्रशान्त नीलद्वारा निर्देशित ‘केजीएफ : च्याप्टर २’ (८५९.७० करोड)को भारतभित्रको लाइफटाइम कमाइलाई पार गरेको थियो । यससँगै यो भारतकै दोस्रो सर्वाधिक कमाइ गर्ने फिल्म बन्न सफल भएको छ ।

# ‘महाराजधिराज’मा पूजाको प्रवेश

**काठमाडौं–** वैशाख दोस्रो साताबाट छायांकनको तयारीमा रहेको फिल्म ‘महाराजधिराज’मा कलाकारको लाइनअप बलियो बनेको छ । नयाँ र पुराना पुस्ताका स्थापित कलाकारहरूलाई आबद्ध गराइएको यस फिल्ममा अब अभिनेत्री पूजा शर्माको प्रवेश भएको छ । आइतबार निर्माताले उनलाई फिल्मको मुख्य भूमिकामध्ये एकमा अनुबन्धित गरेका हुन् ।

यसअघि यो फिल्ममा पुष्प खड्का, केकी अधिकारी, नीर शाह, आर्यन सिग्देल, हिउँवाला गौतम, हेमन्त बुढाथोकी, रमेश उप्रेती, उषा रजक, जयकिशन बस्नेत, शिशिर भण्डारी, गजित विष्ट, आशा पौडेल लगायतका कलाकारहरू अनुबन्धित भइसकेका छन् । फिल्मको कथा पुष्पले निभाउने अधिराज पात्रको वरिपरि घुम्ने जनाइएको छ ।

फिल्मलाई परिक्षेद सेनले निर्देशन गर्नेछन् । केही फिल्ममा सहायक निर्देशक र लेखकको रुपमा काम गरेका उनको यो दोस्रो निर्देशकीय फिल्म हुनेछ । सन् २०२२ मा प्रदर्शन भएको फिल्म ‘प्रेमगन्ज’बाट उनले निर्देशनमा डेब्यू गरेका थिए ।

# ‘पारी बुटोल’को टिजरमा दुई ग्याङबीचको घम्साघम्सी

**काठमाडौं–** ‘मञ्जरी’ निर्देशक गणेश देव पाण्डेको पाँचौं निर्देशकीय फिल्म ‘पारी बुटोल’को टिजर सार्वजनिक गरिएको छ । १ मिनेट ४० सेकेण्ड लम्बाइको टिजरले फिल्मको कथावस्तु र चरित्र चित्रणबारे प्रकाश पारेको छ । बुटोल भन्ने ठाउँका दुई ग्याङबीचको झडपलाई टिजरको केन्द्रमा राखिएको छ । यसले फिल्म ग्याङ्स्टर कथामा निर्माण भएको प्रस्ट पार्छ ।

कलाकारहरूको अभिनय, महेश पौडेलको छायांकन, जटावेदा बेनर्जीको पार्श्व संगीत र र्‍यापर सुरज क्षेत्री (झ्योमा)को गीतको संयोजन टिजरमा बेजोड देखिएको छ । कलाकारहरूको लुक्स र गेटअपले फिल्मप्रति दर्शकको उत्सुकता बढाउने देखिन्छ । अनुप बराल, दीया मास्के, सुशील सिटौला लगायतका कलाकारहरूलाई टिजरमा देख्न सकिन्छ ।

फिल्मका लेखक तथा निर्देशक पाण्डेका अनुसार ‘पारी बुटोल’ केवल ग्याङ्स्टर फिल्म मात्र होइन । उनी भन्छन्, ‘यो युवाहरू, उनीहरूको




परिवार, सङ्घर्ष र सफलता प्राप्त गर्ने होडमा उनीहरूले सामना गर्नुपर्ने चलखेललाई सामान्य बनाउने प्रयासको कथा हो । फिल्मले दर्शकलाई एकदमै लोकल र यथार्थपरक अनुभूति दिनेछ ।’

ल्याक्सी श्रेष्ठले निर्माण गरेको यस फिल्ममा मनिषा अधिकारी सह-निर्माताको रूपमा छन् । फिल्ममा अनुप, दीया र सुशीलसहित अविरल प्रताप अधिकारी, कामेश्वर चौरासिया, दिव्य देव, आकांक्षा केसी, किरण श्रेष्ठ, अदिती शेर्पा, आदि मिश्र लगायतका कलाकारहरूको पनि अभिनय रहेको छ । यसमा लोकेश बज्राचार्यको सम्पादन तथा एनबी महर्जनको द्वन्द्व निर्देशन छ ।

# ‘चिरञ्जीवी भव:’बाट फिल्ममा डेब्यू गर्दै प्रशंसा

**काठमाडौं–** मोडल तथा इन्फ्लुएन्सर प्रशंसा रायमाझीलाई अब दर्शकले ठूलो पर्दामा हेर्न पाउने भएका छन् । उनले फिल्म ‘चिरञ्जीवी भव:’बाट अभिनेत्रीको रुपमा डेब्यू गर्न लागेकी हुन् । आइतबार निर्माताले एक पोस्टरमार्फत प्रशंसालाई फिल्ममा स्वागत गरेका छन् । उनले यसअघि केही म्यूजिक भिडियो र विज्ञापनहरूमा काम गरिसकेकी छन् ।

करिब ८ वर्षअघि ‘लिटिल मिस हेरिटेज नेपाल’को उपाधि समेत जितेकी प्रशंसाको नयाँ म्यूजिक भिडियो ‘मनमाया’ अहिले चर्चामा छ । यसमा उनको अभिनय र नृत्यको प्रशंसा भइरहेको छ । यस्तैमा ‘चिरञ्जीवी भव:’मा अनुबन्धित भएकी उनी फिल्मलाई लिएर उत्साहित देखिएकी छन् । फिल्मको कथावस्तु राम्रो लागेपछि काम गर्न तयार भएको उनको भनाइ छ । यस फिल्मलाई हास्य कलाकार दीपकप्रसाद आचार्य ‘काकु’ले निर्देशन गर्नेछन् । उनको पहिलो निर्देशकीय फिल्म ‘परान’ गत वर्ष प्रदर्शनमा आएको थियो । यो २०८२ सालको सर्वाधिक कमाउने फिल्म समेत हो । ‘चिरञ्जीवी भव:’ उनको दोस्रो निर्देशकीय फिल्म हुनेछ । यो फिल्म हजुरबुबा र नातीको कथामा बन्ने जनाइएको छ ।

फिल्मको कथा कुमार कट्टेल ‘जिग्री ब्रो’ले लेखेका हुन् । कुमार र दीपकले यसअघि ‘भद्रगोल’ र ‘सक्किगोनि’ सिरियलमा सहकार्य गरेका थिए ।

का.जि.प्र.का.द.नं.३५२/०६४-०६५ गो.हु.का. द.न. १/०७७/०७८

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ३८,
२०८३ साल वैशाख ८ गते मंगलबार
21 APRIL 2026, TUESDAY

# डलर र युआनको भाउ वृद्धिले महागियो अटो बजार




काठमाडौं । अमेरिका-इजरायल र इरानबीचको तनावले डलरको मूल्य उच्च हुँदा तथा इन्धनको मूल्य महँगिएर ढुवानी खर्च बढ्दा त्यसको असर नेपाली अटो बजारमा परेको छ ।

अमेरिकी डलरका साथै चिनियाँ युआन पनि महँगिदा नेपाली बजारमा सवार ीसाधनको मूल्य बढ्न पुगेको छ ।

अमेरिका-इजरायल र इरानबीच समस्या सुरु हुनुअघि प्रति डलर भाउ १४४ रुपैयाँ हाराहारी थियो । अहिले डलरको भाउ १५० रुपैयाँ हाराहारी पुगेको छ । यस्तै चिनियाँ मुद्रा पनि १९ रुपैयाँबाट २२ रुपैयाँसम्म पुगेको छ ।

डलर र युआनको भाउ जति बढ्छ, सवारीसाधन आयात गर्ने कम्पनीले त्यति नै बढी रकम तिर्नुपर्छ । इन्धनको मूल्यवृद्धिले ढुवानीमा हुने खर्च बढेको छ ।

यही कारण नेपाली बजारमा सवार ीसाधनको मूल्य महँगिन पुगेको हो । बजारमा पछिल्लो समय लन्च भएका सवार ीसाधनको मूल्य दुई पटकसम्म वृद्धि भइसकेको छ ।

विभिन्न ब्रान्डका सवारीसाधन बेच्दै आएका नेपाली व्यवसायीहरुले गाडीको मूल्य १० प्रतिशतसम्म बढाएका छन् । डलर र युआनको भाउ तथा इन्धनको मूल्य वृद्धिका कारण लागत बढेकाले सवार ीसाधनको मूल्य बढाउनुपरेको उनीहरुको भनाइ छ ।

डलरको भाउ उकालो लाग्दा अटो क्षेत्रमा देखिन थाल्यो असर, नयाँ गाडीको मूल्य कति बढ्ला?

चांगन डिपलको एक वर्ष अगाडि लन्च भएको डिपल एस०५ गाडीको मूल्य दुई पटकमा १०.२० प्रतिशत बढेको छ । यसको आधिकारिक बिक्रेता एमएडब्लू ग्रुपले डिपल एस०५ प्लसको मूल्य पछिल्लोपटक ३ लाख रुपैयाँ बढाएर ५३ लाख ९९ हजार रुपैयाँ पुऱ्याएको छ ।

यो गाडीको मूल्य सुरुमा ४८ लाख ९९ हजार रुपैयाँ रहेकामा कम्पनीले बीचमा ५० लाख ९९ हजार रुपैयाँ पुऱ्याएको थियो ।

यस्तै डिपल एस०५ म्याक्सको मूल्य २ लाख रुपैयाँ बढेर ५९ लाख ९९ हजार रुपैयाँ पुगेको छ । यो गाडीको मूल्य सुरुमा ५४ लाख ९९ हजार रुपैयाँ रहेकामा कम्पनीले ९ प्रतिशत बढाइसकेको छ ।

यसैगरी, अर्को चिनियाँ गाडी उत्पादक कम्पनी बीवाइडीको आधिकारिक बिक्रेता साइमेक्स इंकले पनि बीवाइडी सिलायन ७ को मूल्य ७९ लाख ८५ हजार रुपैयाँ बनाएको छ । सुरुमा सिलायन ७ को मूल्य ७४ लाख ९९ हजार रुपैयाँ रहेकामा मूल्य दुई पटकमा ६.४ प्रतिशत अर्थात गरेर ४ लाख ८५ हजार बढाइएको छ ।

एटो २ को मूल्य पनि दुई पटकमा बढेर ४५ लाख ९५ हजार रुपैयाँ पुगेको छ । एटो २ को मूल्य सुरुमा ४३ लाख ९९ हजार रुपैयाँ थियो । कम्पनीले दुई पटकमा ४.४३ प्रतिशत अर्थात १ लाख ९६ हजार रुपैयाँ मूल्य बढाएको छ ।

बीवाइडी एटो ३ एडभान्स्डको मूल्य ३ लाख ९ हजार रुपैयाँ बढाएर ५९ लाख ९९ हजार रुपैयाँ पुऱ्याइएको छ ।

एटो १ स्ट्यान्डर्डको मूल्य ८० हजार रुपैयाँ बढाइएको छ । यो गाडीको मूल्य अब २९ लाख ७५ हजार रुपैयाँ भएको छ । यस्तै एटो १ प्रिमियमको मूल्य ८१ हजार रुपैयाँ बढाएर ३३ लाख ८० रुपैयाँ पुऱ्याइएको छ ।

अर्को ब्रान्ड ओमोडा एण्ड जेको गाडीको मूल्य पनि दुई पटक बढिसकेको छ । यो ब्रान्डको आधिकारिक बिक्रेता एसपीजी अटोमोबाइल्सले जेको आईकार भी२३ गाडीको मूल्य ८.५ प्रतिशत अर्थात ४ लाख रुपैयाँ बढाएर ५० लाख ९९ हजार रुपैयाँ बनाएको छ । यो गाडी कम्पनीले सुरुमा ४७ लाख रुपैयाँमा बिक्री गरेको थियो ।

जीली गाडीको मूल्य २ लाख रुपैयाँसम्म बढाइएको छ । यसको आधिकारिक बिक्रेता एलआरआर मोटर्सले जीली ईएक्स ५ को मूल्य बढाएर ६९ लाख ९९ हजार रुपैयाँ पुऱ्याएको छ । यसको मूल्य यसअघि ६८ लाख रुपैयाँ थियो ।

यस्तै यसको सस्तो भेरियन्टको मूल्य ५८ लाखबाट ५९ लाख ९९ हजार रुपैयाँ बनाइएको छ ।

स्टकमा गाडी भएका ब्रान्डले भने मूल्य बढाएका छैनन् । जस्तै एमजी, लिपमोटर, डिपल एस०७ मोडलहरुको मूल्य बढेको छैन ।

# अमेरिकी कम्पनी उबरले नेपालमा व्यवसाय सुरु गर्दै

काठमाडौं- अमेरिकी राइड सेयरिङ कम्पनी उबरले नेपालमा व्यवसाय सुरु गर्ने भएको छ । विगत केही वर्षदेखि नेपालको राइड सेयरिङ व्यवसायलाई नजिकबाट हेरिरहेको उबरले बालेन्द्र शाह प्रधानमन्त्री भएर आएसँगै सेवा सुरु गर्ने निर्णयमा पुगेको हो ।

उच्च स्रोतका अनुसार एक महिनाभित्र सेवा संचालनमा ल्याउने उद्देश्यसहित कम्पनीले सरोकारवालासँग छलफल गरिसकेको छ ।

'कम्पनीले नेपालको बजारका बारेमा अध्ययन गरिरहेको थियो । उपयुक्त समयको खोजी गरिरहेका बेला दुई तिहाई नजिकको सरकार आएपछि कम्पनीले सेवा सुरु गर्न तयार देखिएको हो,' स्रोतले भन्यो, 'त्यसमा पनि युवा प्रधानमन्त्री र मन्त्रिपरिषदमा राइड सेयरिङको महत्व बुझ्ेकाहरु आएकाले पनि सजिलो हुने निष्कर्षमा कम्पनी पुगेको देखिएको हो ।'

स्रोतका अनुसार कम्पनीको नेपाल प्रतिनिधि वैदेहीले पठाओ, इन्ड्राइभ र याङ्गोसँग काम गरिरहेका कम्पनीका प्रतिनिधिसँग छलफल गरेकी थिइन् । त्यो छलफलमा एक महिनाभित्र सेवा संचालनमा ल्याउने र उबरमा जोडिएर व्यवसाय अघि बढाउन प्रस्ताव समेत गरेको स्रोतले बतायो ।

'राम्रै प्रस्तावसहित उबरको प्रतिनिधि छलफलमा आउनुभएको थियो,' छलफलमा सहभागी भएका एक कम्पनीका प्रतिनिधिले बिजमाण्डूसँग भने, 'मार्केट स्याचुरेट भएकाले उबरसँग जोडिने की नजोडिने निर्णय गर्न सकिएको छैन ।' उबरले राइडरसँग पनि आफ्नो व्यवसाय सुरु गर्नेबारेमा छलफल गरिसकेको छ ।

स्रोतका अनुसार सरकारी




अधिकारीहरुसँग पनि उबरले व्यवसाय सुरु गर्नेबारेमा छलफल गरेर 'ग्रीन सिंग्नल' पाइसकेको छ । राइड सेयरिङ सम्बन्धी यातायात व्यवस्था नियमावलीमा संशोधन भएर निजीले समेत यात्रु बोक्न पाउने सुविधा दिने आश्वासन उबरले पाएको बताइएको छ । यो नियमावली एक महिनाभित्र संशोधन भएर आउने आश्वासन पाएको समेत स्रोतले बतायो ।

गण्डकी प्रदेशले सवारी तथा यातायात व्यवस्था नियमावली २०८० पारित गर्दै निजी चार पाङ्गे तथा दुई पाङ्गे सवार ीसाधनले बीमासहित तोकिएको प्रक्रिया पूरा गरेर यात्रु बोक्न पाउने व्यवस्था कार्यान्वयनमा ल्याइसकेको छ ।

'कुनै समस्या भएर कानुनी प्रक्रिया पूरा गर्न समय लागेमा भाडाका सवारी साधनबाट सुरु गर्ने मुडमा देखिएका छन्,' ती प्रतिनिधिले भने ।

उबर आएर रातो प्लेटले यात्रु बोक्न पाएमा परम्परागत रुपमा चलिरहेका ट्याक्सीको व्यापारमा भने गम्भीर धक्का लाग्नेछ । अहिले झण्डै १५ हजार भाडाका ट्याक्सी छन् ।

राइड सेयरिङ व्यापारमा अहिले पठाओ मार्केट लिडर हो । यो बाहेक इन्ड्राइभ र याङ्गोले पनि 'नेक टु नेक' छन् । फूड डेलिभरीमा पठाओ नम्बर वान हो भने राइडमा इन्ड्राइभ र याङ्गो प्रतिस्पर्धामा छन् । ती प्रतिनिधिका अनुसार याङ्गोले बजारमा एक अर्ब रुपैयाँभन्दा बढी क्यास बर्न गरिसकेको छ ।

अहिले दैनिक एक लाखले राइड सेयरिङ सेवा लिन्छन् । राइड सेयरिङको ठूलो बजार भनेको काठमाडौं उपत्यका हो । त्यो बाहेक पोखरा, चितवन, बुटवल लगायतका सहरहरुमा पनि पठाओको सेवा संचालनमा छ ।

उबर आउँदा राइड सेयरिङको बजार थप प्रतिस्पर्धी हुन्छ । सन् २००९ मा स्थापित अमेरिकामा स्थापना भएको उबर क्यापले सन् २०१०बाट सान फ्रान्सिस्कोबाट सेवा सुरु गरेको थियो ।

सन् २०११देखि विश्वबजारमा सेवा विस्तार थालेको यो कम्पनीको ७० देशका १५ हजारभन्दा बढी सहरमा सेवा दिइरहेको छ । उबरको सेवा दक्षिण एसियाली मुलुकु भारत, बंगलादेश, श्रीलंका छ ।

# बुटवलकै सबैभन्दा ठूलो 'न्यू इयर इभ सेलिब्रेसन' सम्पन्न

हयात प्लेस बुटवलमा नयाँ वर्ष २०८३ को भव्य स्वागत, बुटवलकै सबैभन्दा ठूलो 'न्यू इयर इभ सेलिब्रेसन' सम्पन्न

काठमाडौं- हयात प्लेस बुटवलले नेपाली नयाँ वर्ष २०८३ को अवसरमा बुटवलकै सबैभन्दा ठूलो "न्यू इयर इभ सेलिब्रेसन" भव्य रूपमा सम्पन्न गरेको छ ।

चैत ३० (१३ अप्रिल) का दिन होटलको स्विमिङ पुल परिसरमा खुला आकाशमुनि आयोजना गरिएको यो विशेष साँझमा २५० भन्दा बढी पाहुनाको उत्साहजनक सहभागिता रहेको थियो ।

"एक रात, एक मञ्च, दुई आइकन" भन्ने नारासहित आयोजना गरिएको कार्यक्रममा आकर्षक पुलसाइड सेटअप, रङ्गीन बत्तीहरूको सजावट तथा सांगीतिक माहोलले २०८२ लाई बिदाई गर्दै २०८३ लाई स्वागत गरिएको थियो ।

कार्यक्रमको सुरुवात ऊर्जावान नृत्य प्रस्तुतिबाट गरिएको थियो । त्यसपछि लोकप्रिय इन्स्ट्रूमेन्टल ब्यान्ड कुटुम्बले आफ्नो मौलिक धुनमार्फत दर्शकलाई मन्त्रमुग्ध बनाएको थियो । त्यसपछि नेपाली पप संगीतका चर्चित गायक नवीन के भट्टराईले स्टेज सम्हाल्दै आफ्ना सदाबहार गीतहरू प्रस्तुत गरेपछि पाहुनाहरू डान्स फ्लोरमा झुमेका थिए ।

सांगीतिक मनोरञ्जनसँगै पाहुनाहरूले अनलिमिटेड लाइभ फुड काउन्टर, विविध



परिकार तथा पेय पदार्थको समेत आनन्द लिएका थिए । कार्यक्रमबारे बोल्दै हयात प्लेस बुटवलका जनरल म्यानेजर तुषार नगरले २५० भन्दा बढी पाहुनाको सहभागिता र सफल आयोजनाले आफूहरू अत्यन्तै खुसी भएको बताए । उनले कुटुम्ब र नवीन के भट्टराई जस्ता कलाकारलाई एउटै मञ्चमा प्रस्तुत गर्न पाउनु गर्वको विषय भएको उल्लेख गरे ।

कार्यक्रमको मुख्य आकर्षण मध्यरातको काउन्टडाउन रह्यो । घडीले १२ बजाउनेबित्तिकै ठूलो उत्साह र हुटिङका बीच नयाँ वर्ष २०८३ को औपचारिक स्वागत गरिएको थियो ।

हयात प्लेस बुटवलले पश्चिम नेपालको हस्पिटालिटी तथा लाइफस्टाइल कार्यक्रममा नयाँ आयाम थप्दै आएको छ । यस सफल न्यू इयर इभले होटलको विश्वस्तरीय सेवा दिने प्रतिबद्धतालाई थप मजबुत बनाएको जनाएको छ ।

# रोयल इनफिल्डको नयाा गोवन क्लासिक ३५० बाइक नेपाली बजारमा




काठमाडौं । रोयल इनफिल्डको सन् २०२६ मा उत्पादित गोवन क्लासिक ३५० बाइक नेपाली बजारमा भित्रिएको छ ।

रोयल इनफिल्डको नेपालका लागि आधिकारिक वितरक अल्फा अटोमोटिभ प्रालिले गोवन क्लासिक ३५० बाइक सार्वजनिक गरेको छ । कम्पनीले बाइकको मूल्य कलर अनुसार ५ लाख ५९ हजार र ६ लाख २ हजार रुपैयाँ राखेको छ ।

बोबर इन्स्पायर्ड डिजाइनमाको मोटरसाइकलमा राइडर-केन्द्रित नयाँ सुविधा रहेको कम्पनीले जनाएको छ । नयाँ मोडलमा ३४९ सीसी जडान गरिएको छ, जसले २७ एनएम टर्क उत्पादन गर्छ ।

कम्पनीका अनुसार यो इन्जिनलाई लेड ब्याक बोबर स्टाइल अनुरुप स्मुथ र आरामदायी राइडिङ अनुभव दिन विशेषरूपमा ट्युन गरिएको छ । यसको ५-स्पिड गियरबक्सले सहरको भीडभाडदेखि खुला राजमार्गसम्म सहज गियर परिवर्तन र आरामदायी यात्राको अनुभव सुनिश्चित गर्छ ।

मोटरसाइकलमा नयाँ असिस्ट एण्ड स्लिपर क्लच, अपग्रेड गरिएको यूएसबी टाइप सी चार्जिङ पोर्ट तथा डाउन सिफ्टमा राम्रो नियन्त्रण दिने प्रणाली समावेश गरिएको छ । यसले राइडरलाई थप सहज, सुरक्षित र आरामदायी अनुभव दिने कम्पनीको दाबी छ ।

अल्फा अटोमोटिभ प्रालिका निर्देशक मेघराज पौडेलले नेपाली राइडरहरूले गोवन क्लासिक ३५० बाइक रुचाउने व्यक्त गरे ।

**कला जोगाऔं, संस्कृति बचाऔं ।**

- कलालाई सिर्जनशील, राष्ट्रको परिचय र सभ्यताको प्रतिकको रुपमा बुझौं,
- चित्रकला, गीत-संगीत, नृत्य, नाटकलगायत सबै कलाको सम्मान गरौं,
- स्थानीय कलाकार तथा स्रष्टाहरूलाई प्रोत्साहन र सहयोग गरौं,
- हाम्रो मौलिक संस्कृति र परम्परालाई कलामार्फत जोगाऔं,
- विद्यालय तथा समुदायमा कला शिक्षाको प्रवर्द्धन गरौं,
- सार्वजनिक स्थानहरूमा कलाको संरक्षण र प्रवर्द्धनमा ध्यान दिऔं,
- युवा पुस्तालाई सिर्जनात्मक गतिविधिमा सहभागी गराऔं,
- कलामार्फत सकारात्मक सन्देश र सामाजिक सचेतना फैलाऔं,
- सांस्कृतिक विविधताको सम्मान गर्दै एकता बलियो बनाऔं,
- कला विकासमार्फत पर्यटन र आर्थिक समृद्धिमा टेवा पुर्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**जनआकास मिडिया प्रा.लि का लागि :** प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार